म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १४५ शुक्रबार २२ पुस २०७९ नै. सं. ११४३ पौहेलाख्व 6 January, 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

लागुऔषध गाँजासहित दुई जना पक्राउ

हेटौंडा/मकवानपुर प्रहरीले लागुऔषध गाँजासहित दुई जनालाई पक्राउ गरेको छ । हेटौंडा-१० बसपार्कस्थित पैदल हिँडिरहेको अवस्थामा शंका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको खटिएको प्रहरी टोलीले लागुऔषध गाँजासहित दुई जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा बारा जिल्लाको जितपुर सिमरा उपमहानगर पालिका वडा नम्बर ७ लक्ष्मी टोलका २० वर्षीय पवन कुमार श्रीवास्तब र सोही ठाउँका १७ वर्षीय अजय माझी रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुर प्रहरी प्रवक्ता टेक बहादुर कार्कीले जानकारी दिए । श्रीवास्तब र माझीलाई सुरक्षाजाँच गर्दा उनीहरुको साथबाट लागुऔषध ५ किलो गाँजा फेला पारेको कार्कीले बताए । लागुऔषधसहित दुबै जनालाई नियन्त्रणमा लिएर थप अनुसन्धान कार्य गरिरहेको प्रवक्ता कार्कीको भनाई छ ।

बागमतीमा ५ दिनभित्र सरकार बनाउन आह्वान

मुख्यमन्त्री बन्न दलहरुबीच भागदौड

साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/ बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले प्रदेशमा नयाँ सरकार गठनका दावी पेश गर्न दलहरुलाई आह्वान गरेका छन् ।

शर्माले बिहीबार संविधानको धारा १६८ को उपधार २ अनुसार नयाँ सरकार गठनका लागि आह्वान गरेका हुन् । उनले मुख्यमन्त्री नियुक्त गर्न ५ दिनको समय सीमा दिएका छन् । प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई बागमती प्रदेशको मुख्यमन्त्री नियुक्त गर्नका पुस २५ गते सोमबार दिउँसो ४ बजेभित्र दाबी पेस गर्न प्रदेश प्रमुखबाट आव्हान भएको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता प्रकाश चापागाईंद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । ११० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ५६ जना सांसद आवश्यक हुन्छ ।

बागमतीमा ७ वटा दलको प्रतिनिधित्व रहेको छ । केन्द्रमा बनेको नयाँ समिकरणअनुसार बागमती प्रदेशमा नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राप्रपा मिलेर सरकार बनाउने अवस्था छ । प्रदेशसभामा एमालेको २७, माओवादीको २१ र राप्रपाको १३ सांसद छन् । यी ३ दलको मत जोड्दा ६१ हुन्छ । जुन सरकार गठनको लागि बहुमत हो । सत्ता गठबन्धनबाहिर रहेको नेपाली कांग्रेससँग ३७,समाजवादीसँग ७, नेमकिपासँग ३ र हाम्रो नेपाली पार्टीसँग २ मत छ ।

बागमती प्रदेशमा सरकार गठनको आह्वान भएसँगै प्रदेशसभामा रहेका दलहरुले बहुमत पुऱ्याएर मुख्यमन्त्रीमा दावी गर्न भागदौड थालेका छन् । केन्द्रीय सत्ता समीकरणमा फेरबदल भएपछि प्रदेशसभामा पनि दलहरुको समीकरण फेरिएको छ । प्रदेशसभामा संघमा एमालेको नेतृत्वमा रहेको सत्ता गठबन्धनको घटक दलहरु एमाले, माओवादी र राष्ट्रिय प्रजातन्त्र पारती राप्रपाको प्रतिनिधित्व छ । ११० सदस्यीय बागमती प्रदेशमा सरकार गठनको लागि ५६ सांसदको समर्थन आवश्यक हुन्छ ।

प्रदेश सभामा एमालेको २७, माओवादिको २१ र राप्रपाको १३ सांसद छन् । यी ३ दलको मत जोड्दा ६१ हुन्छ । जुन सरकार

गठनको लागि पर्याप्त हो । तर, प्रदेशको मुख्यमन्त्रीमा ३ वटै दलले दावी गर्दा सरकार गठन गर्न गठबन्धनलाइ सकस परेको छ । मुख्यमन्त्री बन्न गठबन्धनका दलहरु बीच हानाथप नै चलेको छ । बागमती प्रदेशको मुख्यमन्त्रीमा एमालेबाट दलका नेता जगन्नाथ थपलिया, माओवादी केन्द्रबाट दलका नेता शालिकराम जम्कट्टेल र राप्रपाबाट दलका नेता उद्धव थापा बलियो दाबेदार हुन् ।

केन्द्रीयस्तरमा सत्ता गठबन्धन दलहरु बीच भागबण्डा नहुँदा प्रदेश सरकारको नेतृत्व कसले गर्ने भन्नेमा अन्योल छ । सत्ता गठबन्धनमा आबद्ध दलहरु बीच केन्द्रदेखि प्रदेशसम्मको भागबण्डाको विषयले बागमती प्रदेश सरकारको नेतृत्वका विषयमा विवाद देखिएको छ । सत्ता गठबन्धनका दलहरु नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राप्रपाबीच सरकारको नेतृत्व र पावर सेयरिङ्कको विषयमा निर्णय भइनसकेका कारण कसको नेतृत्वमा जाने भन्ने अन्यौल कायमै छ । बागमती प्रदेश सरकारको नेतृत्व, मन्त्रालय, सभामुख, उपसभामुख र अन्य संवैधानिक नियुक्तिका विषयमा केन्द्रबाट निर्देशन नआउँदा गठबन्धन दलहरु नेतृत्व लिने विषयमा अलमलमा देखिएका छन् ।

भागबण्डाको सम्पूर्ण निर्णय केन्द्रीय तहका नेताहरुबाट हुने भएकाले प्रदेशस्तरमा कुनै पनि छलफल हुन नसकेको गठबन्धन दलका नेताहरु बताउँछन् । नेकपा एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले प्रदेशमा गठबन्धनको सबैभन्दा ठुलो दल भएको हिसावले मुख्यमन्त्री एमालेले नै पाउने दाबी गरे । उनले प्रदेश प्रमुखले दिएको समय सिमाभित्र सत्ता गठबन्धनको सहमतीमा एमालेको नेतृत्वमा प्रदेशमा नयाँ सरकार गठन भइसक्ने बताए ।

सरकार गठनबारे प्रदेश तहले पनि आफ्नो भूमिका खेल्ने र केन्द्रले त्यसको निर्णय गर्ने उनले बताए । 'हामी केन्द्रको निर्णय कुरिरहेका छौं । तर सरकारको नेतृत्वको विषयमा टुंगो लागिसकेको अवस्था छैन । त्यसैले केन्द्रबाट निर्देशन भएअनुसार बागमती प्रदेश सरकारको नेतृत्वको लागि प्रदेश प्रमुखले दिएको समय सिमाभित्र एमालेले दाबी पेस गर्छ,' उनले भने, 'एमाले राष्ट्रिय रुपमा ठूलो पार्टी पनि हो । केन्द्रमा माओवादी केन्द्रले सरकारको नेतृत्व गरिरहेका कारणले पनि बागमती प्रदेशमा मुख्यमन्त्रीको दाबी स्वाभाविक छ ।' यद्यपि सत्ता गठबन्धन दलहरुसँग सल्लाह गरेर त्यसको निर्णय गर्नुपर्ने उनले बताए ।

नेकपा माओवादी केन्द्र संसदीय दलका नेता शालिकराम जम्कट्टेलले केन्द्रदेखि प्रदेशसम्म सरकार निर्माणका लागि आुनो पार्टीको महत्वपूर्ण भुमिका रहेकाले मुख्यमन्त्रीमा आफ्नो दावी रहेको बताए । दलहरुका बिचमा सहमती हुँदा बागमती प्रदेशको नेतृत्व हामीले गर्न पाउने उनको सशक्त दावी रहेको छ । 'म यसअघि प्रदेश सरकारको आन्तरिक मामिला मन्त्री र हाल आर्थिक मामिला मन्त्री भएकाले सरकार सञ्चालनको अनुभव पनि छ । बागमती प्रदेशमा केही नयाँ राम्रो काम गर्नका लागि यसपटक माओवादी केन्द्रबाट म मुख्यमन्त्री बन्ने आकांक्षा अनुसार प्रयासरत छु,' उनले भने, 'अब केन्द्रको समीकरण अनुसार भागबण्डामा दलीय सहमतीमा जसको नेतृत्वमा सरकार बनेपनि मिलेर अघि बढ्छौं । सरकार गठनबारे केन्द्रको निर्देशन कुरिरहेका छौं ।' उनका अनुसार केन्द्रमा भागबण्डाको विषय फाइनल भएपछि प्रदेश प्रमुखबाट सरकार गठनका लागि आह्वान भएको समय अवधिभित्र माओवादी केन्द्रले नेतृत्वमा दावी पेस गर्नेछ । सरकार गठनबारे प्रदेशस्तरमा कुनै छलफल नभएको उनले बताए । 'पहिले केन्द्रमा सर कारको विषय टुंगिएपछि प्रदेशको समीकरणको पनि निर्णय हुन्छ । प्रदेश सरकारको नेतृत्व हामीले गर्नुपर्छ भन्ने हाम्रो अडान छ,' उनले भने ।

राप्रपा बागमती संसदीय दलको नेता उद्धव थापा मुख्यमन्त्री बनेरै प्रदेश संरचना खारेज गर्ने धारणा व्यक्त गर्छन् । सत्ता समीकरणका लागि निर्णायक भूमिका रहेकाले प्रदेश सरकारको नेतृत्व राप्रपले पाउनु पर्ने र सरकारको नेतृत्व गरेर पार्टीको एजेण्डा अनुसार प्रदेश संरचना खारेज गर्ने उनी बताउँछन् । 'मुख्यमन्त्री बनेर प्रदेश खारेज गर्छौं । संघीयता कुनै पनि अवस्थामा खारेज हुनुपर्छ ।

सरकारमा रहेर नै हामी संघीयता खारेज गर्छौं,' उनले भने, 'सात वटा प्रदेशमध्ये चार वटामा हामी निर्णायक शक्ति हौं । हामीले सहमती नगर्ने हो भने अहिलेको समीकरणको सरकार बन्न सक्दैन ।' सत्ता गठबन्धनका पावर सेयरिङको विषय टुंगिएसँगै सरकार गठनमा राप्रपाले नेतृत्व लिएर अघि बढ्ने उनले बताए । पावर सेयरिङको विषय केन्द्रीय तहमा हुने भएकाले प्रदेशको कुनै भूमिका नरहने उनको भनाई । 'परिस्थितिजन्य ढंगबाट हामी केन्द्रको सरकारमा सहभागी भएका हौं । केन्द्रीय सरकार कसरी बन्यो भन्नेचाहिँ बिर्सन हुन्न । गठबन्धनमा रहेका दलहरुले हामी मात्र हौं भन्न भन्न थाले कुरा नमिल्न सक्छ,' उनले भने, 'पहिलो त पावर सेयरिङको कुरा मिलाउनु पर्छ । त्यो प्रदेशको हातमा छैन । केन्द्रीय निर्णय अनुसार भागबण्डा हुन्छ ।

सोही अनुसार बागमती प्रदेश हाम्रो भागमा पर्नुपर्छ ।' राप्रपाको प्रदेशको अंकगणितलाई अवमूल्यन गर्न नहुने भन्दै उनले केन्द्रमा समीकरण फेरिए जस्तो घटना प्रदेशमा दोहोरिन पनि सक्ने चेतावनी समेत दिए ।

मकवानपुरको सबै क्रसर उद्योग बन्द

साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/ मकवानपुरमा मापदण्डविपरित सञ्चालित सम्पुर्ण क्रसर उद्योगहरु बन्द हुने भएको छ ।

बिहिबार जिल्ला प्रशासन कार्यालय मकवानपुरमा बसेको सरोकारवालाहरुको बैठकले जिल्लामा मापदण्डविपरित सञ्चालित सम्पुर्ण क्रसर उद्योगहरु बन्द गर्ने निर्णय गरेको हो । बुधबार गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालय मकवानपुर लाई परिपत्र गर्दै मकवानपुरभित्र सञ्चालनमा रहेका अवैध क्रसर उद्योगहरुलाई कारबाहीको दायरामा ल्याउन भनेको थियो ।

मन्त्रालयले कानुन विपरि त दर्ता नगरी तथा नवीकरण नभएका, संचालन अनुमति नलिई सञ्चालनमा रहेका ढुंगा, गिट्टी, रोडा तथा बालुवा उत्खनन्, प्रशोधन कार्यमा संलग्न क्रसर उद्योगलाई तत्काल बन्द गर्न गृहले निर्देशन दिएको थियो । गृहको सोही परि पत्रअनुसार जिल्ला प्रशासन कार्यालयमा बिहिबार बसेको सरोकारवालाहरुको बैठकले जिल्लामा अवैध रुपमा सञ्चालन भइरहेको मापदण्डविपरितका सबै क्रसर उद्योग बन्द गर्ने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले जानकारी दिए ।

'मापदण्ड विपरित सञ्चालन भइरहेको सबै क्रसर उद्योग बन्द गर्ने निर्णय भएको छ',पाण्डेले भने'हामिले हिजैबाट प्रहरी परिचालन गरेर मापदण्डविपरित सञ्चालन भइरहेको उद्योगलाई बन्द गर्न आग्रह गरिसकेका छौं ।' उनले बिहिबार केहि क्रसर उद्योगहरुमा विद्युत कटौती समेत गरिएको बताए । प्रमुख जिल्ला अधिकारी पाण्डेले जिल्लामा कति क्रसर उद्योग सञ्चालन भइरहेका छन् र तीमध्ये कति मापदण्डसहित सञ्चालन भइरहेको छ, त्यसको तथ्यांक हेर्दै मापदण्ड विपरित सञ्चालन भइरहेको उद्योगको विद्युत कटौती भइरहेको बताए ।

मकवानपुरमा सञ्चालित कुनैपनि क्रसर उद्योगहरु सरकारले तोकेको मापदण्डभित्र पर्दैनन् । त्यसैले जिल्लामा सञ्चालित सबै क्रसर उद्योगहरु बन्द हुने भएको छ । प्रमुख जिल्ला अधिकारी पाण्डेले बिहिबारबाटै प्रहरी परिचालन गरेर मापदण्डविपरितका उद्योगहरुलाई बन्द गर्न आग्रह गरिएको बताए । 'मापदण्डबाहिर रहेर सञ्चालन भइरहेको उद्योगहरुमा हामिले हिजैबाट प्रहरी पठाएर बन्द गर्न आग्रह गरिरहेका छौं । आज पनि यो कामले निरन्तरता पाउछ,पाण्डेले भने' गृहको परिपत्रअनुसार मापदण्डबाहिरको सबै उद्योगलाई बन्द गर्छौं ।' उनले मकवानपुरमा रहेका क्रसर उद्योगहरुले दर्ता भएर राज्यलाई कर तिरिरहेको भएपनि उनीहरुले मापदण्ड भने पालना नगरेको कारण बन्द गर्नुपरेको बताए । पाण्डेले सरकारले मापदण्ड ल्याउनुअघि खुलेका ती उद्योगहरुलाई मापदण्ड आएपछि लागू गर्न समय दिएको भएपनि अटेर गरेपछि गृहको परिपत्रअनुसार कारवाही गर्दै बन्द गर्नुपरेको बताए । जिल्लाको सबै क्रसर उद्योगहरु बन्द हुँदा विकास निर्माण कार्य ठप्प हुने विषयमा

आफूले गृह मन्त्रालयलाई जानकारी गराएको उनको भनाई छ । पाण्डेले मकवानपुरका उद्योगहरुलाई सञ्चालन गर्ने विषयमा अर्को विकल्प नल्याएसम्म सञ्चालन हुन नदिने बताए । उनले सरकारले अर्को विकल्प दिएको अवस्थामा उद्योग चल्ने भन्दै अहिलेकै अवस्थामा भने खोल्न नसक्ने स्पष्ट पारे ।

विकास निर्माणको काम प्रभावित बन्न सक्ने

जिल्लामा सञ्चालित सम्पुर्ण क्रसर उद्योगहरु बन्द हुनेभएपछि विकास निर्माणको कार्यमा प्रत्यक्ष रुपमा असर पर्ने भएको छ । उद्योग बन्द हुनेभएपछि विकास निर्माण कार्यको लागि चाहिने ढुंगा, गिट्टी, रोडा तथा बालुवा जस्ता सामाग्री अभाव हुने भएको छ । आम उपभोक्ता दीर्घ सरकारका ठुला आयोजनहरुलाई समेत उद्योग बन्दको असर पुरने हेटौंडा उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपाने बताउँछन् ।

अहिले उपमहानगरको सबै वडाहरुमा बाटो ढलान गर्ने देखिका क्रसर उद्योगहरुले भने वार्षिक रुपमा सरकारलाई राजश्व बुझाउँदै आएको गुजुरेलले जानकारी दिइन् । 'जिल्लाका क्रसर उद्योगहरु सबै नबीकरण भएका छैनन् । तर, उनीहरुले वार्षिक रुपमा सरकारलाई राजश्व बुझाउँदै आएका छन्,' गजुरेलले भनिन् ।

गृह मन्त्रालयले विभिन्न आयोजना, विकास तथा निर्माणको क्रममा सोही आयोजनाको लागि आवश्यक परिणाममा ढुंगा, गिट्टी, रोडा तथा बालुवा उत्खननको अनुमति प्राप्त उद्योग, निर्माण व्यावसायीले आयोजना समाप्त भएपश्चात पनि त्यस्तो उत्खनन् कार्य गरिरहेको भए सो समेत छानबिन गरी तत्काल बन्द गर्न जिल्ला प्रशासनलाई परिपत्र गरेको थियो । जिल्लामा निश्चित विकास निर्माणका लागि सञ्चालित उद्योगहरुलाई राजनीतिक करिब ७५ वटा ढुंगा, गिट्टी, रोडा तथा बालुवा उत्खनन्, प्रशोधन कार्यमा संलग्न क्रसर उद्योग दर्ता भएका छन् । निमित्त जिल्ला समन्वय अधिकारी सुनिताकुमारी गजुरेलका अनुसार मकवानपुरमा दर्ता भएका क्रसर उद्योगमध्ये सबैसँग नबीकरण भने छैन् । सरकारले २०७७ सालमा जारी गरेको ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्डका कारण क्रसर उद्योगहरु नबीकरण नभएका हुन् । मापदण्डमा तोकिएको प्रावधानलाई क्रसर उद्योगहरुले पूरा गर्न नसकेपछि नबीकरण हुन सकेको थिएन् । घरेलु तथा साना उद्योग कार्यालयमा र कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएका क्रसर उद्योगहरु मकवानपुरमा ३७ वटा रहेका छन् । तर, जिससले अनुगमन नगरेका कारण क्रसर उद्योगहरुको तथ्यांक तलमाथि हुन सक्ने निमित्त समन्वय अधिकारी गजुरेलले जानकारी दिए । उनका अनुसार समितिले अब क्रसर उद्योगहरुको अनुगमन नियमित गर्ने बताएकी छन् । जिल्लाका क्रसर उद्योगहरुले भने वार्षिक रुपमा सरकारलाई राजश्व बुझाउँदै आएको छन्,' गजुरेलले भनिन् ।

गृह मन्त्रालयले विभिन्न आयोजना, विकास तथा निर्माणको क्रममा सोही आयोजनाको लागि आवश्यक परिणाममा ढुंगा, गिट्टी, रोडा तथा बालुवा उत्खननको अनुमति प्राप्त उद्योग, निर्माण व्यावसायीले आयोजना समाप्त भएपश्चात पनि त्यस्तो उत्खनन् कार्य गरिरहेको भए सो समेत छानबिन गरी तत्काल बन्द गर्न जिल्ला प्रशासनलाई परिपत्र गरेको थियो । जिल्लामा निश्चित विकास निर्माणका लागि सञ्चालित उद्योगहरुलाई राजनीतिक संरक्षणमा निरन्तर सञ्चालनसमेत भइरहेको पाइएको छ ।

मकवानपुरको हेटौंडा उपमहानगरपालिका, थाहा नगर पालिका, गाउँपालिकाहरु मनहरी, मकवानपुरगढी, राक्सिराङ, बकैया, बागमतीमा धेरै ढुंगा, गिट्टी, रोडा तथा बालुवा उत्खनन्, प्रशोधन कार्यमा संलग्न क्रसर उद्योगहरु छन् । क्रसर उद्योगबाट आउने राजश्व स्थानीय सरकारको बलियो आयस्रोत समेत हो । तर, क्रसर उद्योगहरुकै कारण स्थानीय तहहरुमा नदीजन्य पदार्थ उत्खनन् कार्यमा गैरकानुनी कामसमेत भएको पाइएको थियो ।

त्यस्तो छ मापदण्ड

सरकारी मापदण्डकै कारण क्रसर उद्योगहरु नवीकरण हुन नसकेको दाबी गरिए पनि सरकारले संशोधन गरेर उद्योगहरुलाई सहज बनाएको थियो । तर, मापदण्ड सहज हुँदासमेत क्रसर उद्योगहरु नियमभित्र रहेर नवीकरण नभएको देखिएको छ । सरकारले मसिर २०७७ मा जारी गरेको नयाँ मापदण्डले धनाबस्ती र वनक्षेत्रको दुई किलोमिटर, राजमार्गको पाँच सय मिटर दूरी भित्रको नदी, सडक तथा पुलको एक किलोमिटर तल र पाँच सय मिटर माथिको नदीजन्य पदार्थको उत्खनन् गर्न रोक लगाएको थियो ।

तर, सरकारले क्रसर उद्योगहरु खुलाउन सहज हुने गरी असार २०७९ मा मापदण्ड संशोधन गरेको थियो । संशोधित मापदण्डले क्रसर उद्योगहरु अझै बस्ती नजिक आउने बाटो खोलेको थियो । नदीजन्य पदार्थको उत्खनन् पनि बस्ती नजिकसम्म नै गर्न पाइने बनाइएको थियो । मापदण्ड संशोधनपछि घना बस्तीमा तराई क्षेत्रमा १ किलोमिटर मै उत्खनन गर्न दिने बाटो खोलिएको थियो । पहाडी क्षेत्रमा ५ सय मिटर बाहिर नदीजन्य पदार्थको उत्खनन गर्न पाउने बनाएको छ । यस्तै तराई क्षेत्रमा राजमार्गको पाँच सय मिटर र पहाडी क्षेत्रमा २ सय मिटर दूरी बाहिर नदीजन्य पदार्थ उत्खनन गर्न पाउने व्यवस्था गरिएको थियो । मापदण्ड कार्यान्वयनका लागि प्रभावकारी नियमन हुन नसक्दा क्रसर उद्योगहरु आफ्नै तरिकाले सञ्चालनमा थिए । क्रसरकै कारण बस्तीहरु जोखिममा पर्दासमेत सरकारले ध्यान नदिँदा क्रसर उद्योगहरु मनलाग्दी रुपमा प्रस्तुत हुँदै आएका थिए ।

एबीसी र सिमरा भेट्रान्स कपको सेमिफाइनलमा प्रवेश

साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/एबीसी भेट्रान्स पोखरा, एम.एम.सी काठमाडौं र सिमरा भेट्रान्स बारा हेटौंडामा जारि आठौं संस्करणको राष्ट्रिय भेट्रान्स कप एट 'ए' साइड फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन् ।

बिहीबार भएको खेलमा हेटौंडा भेट्रान्स 'एलाई हराउँदै एबीसी पोखरा र आयोजक हेटौंडा भेट्रान्स 'बी लाई हराउँदै सिमरा भेट्रान्स सेमिफाइनल प्रवेश गरेको हो । एबीसी पोखराले हेटौंडालाई ५-१ गेल अन्तरले पराजित गरेको गर्यो । पोखराको जितको लागी बिजय गुरुङले हयाट्रिक गरे भने हरिबहादुर खड्काले थप २ गोल गरे । हेटौंडाका तर्फबाट प्रशान्त पाखिनले सान्त्वना एक गोल फर्काए । यस्तै एम.एम.सी काठामडौं एक्स भेट्रान्स पोखरालाई १-० गोलले हराउँदै

सेमिफाइनलमा पुगेको छ । उसको जितका लागी शिशिरबहादुर हमालले एकमात्र निर्णायक गोल गरे । यसैगरी विहीबारकै खेलबाट सिमरा भेट्रान्स बारा पनि सेमिफाइनलमा प्रवेश गरेको छ । सिमराले सेमिफाइनल पुग्नेक्रममा आयोजक हेटौंडा भेट्रान्स 'बी लाई १-० गोल अन्तरले हराएको हो । सिमराको जितको लागी बिनोद परियारले एक गोल गरे । प्रतियोगिताको अन्तिम सेमिफाइनल पुग्ने टोलीको टुंगो भने लाग्न बाँकी छ । सेमिफाइनल प्रवेशका लागी शुक्रबार बिहान जोरपाटी भेट्रान्स काठमाडौं र बानेश्वर भेट्रान्स काठमाडौं बीच खेल हुने आयोजक हेटौंडा भेट्रान्सका कविन सांगामीले जानकारी दिए । सेमिफाइनलका खेलहरुपनि भोली नै हुने सांगामीको भनाई छ । २३ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा नेपालको विभिन्न स्थानका १७ वटा टिमको सहभागिता रहेको छ । प्रतियोगिताको विजेताले १ लाख ११ हजार एकसय ११ तथा उपविजेताले ५५ हजार पाँचसय ५५ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । यसै सर्वोत्कृष्ट खेलाडीले १५ हजार, उत्कृष्ट फरवार्ड, डिफेन्स, मिडफिल्ड, गोलकिपर तथा प्रशिक्षकले जनही नगद ५ हजार रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बरः
९८४५०२७०६४/९८५५०६८०३८

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरुः

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

क्रसरमाथि सधैं सरकारको 'बक्रदृष्टि'

मकवानपुर जिल्लाभित्र मापदण्ड नपुगेका, घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता तथा नवीकरण नभएका ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा बिक्री वितरण गर्ने सम्पूर्ण उद्योगहरु बन्द गर्ने निर्णय भएको छ । गृह मन्त्रालयको पुस २० गतेको पत्रका आधारमा जिल्ला प्रशासन कार्यालय मकवानपुरमा विहीबार बसेको बैठकले विभिन्न आयोजना विकास तथा निर्माणको क्रममा सोही आयोजनाको लागि आवश्यक परिमाणमा ढुङ्गा, गिट्टी, रोडा, तथा बालुवा उत्खनन् अनुमति प्राप्त उद्योग/ निर्माण व्यवसायको आयोजना समाप्त भएपश्चात् पनि सञ्चालनमा रहेका उद्योगहरु पनि बन्द गर्ने निर्णय गरेको छ । गृह मन्त्रालयले बुधवार जिल्ला प्रशासनलाई परिपत्र गर्दै अवैध रुपमा सञ्चालित क्रसर उद्योगहरु बन्द गराउन निर्देशन दिएको थियो । जिल्लाका क्रसर उद्योगहरु नवीकरण नभएको लामो समय भएको छ । २०७७ सालमा जारी भएको ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्डका कारण क्रसर उद्योगहरु नवीकरण नभएका हुन् । मापदण्डमा तोकिएको प्रावधानलाई क्रसर उद्योगहरुले पूरा गर्न नसकेपछि नवीकरण हुन सकेको छैन ।

घरेलु तथा साना उद्योग कार्यालय र कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएका क्रसर उद्योगहरु मकवानपुरमा ३७ वटा छन् । नेपाल सरकारले जारी गरेको मापदण्डअनुसार मकवानपुरका कुनैपनि क्रसर उद्योगहरु नवीकरण हुँदैनन् । नवीकरण नभएका उद्योगहरु बेला बेलामा बन्द गरिँदै आएको छ । 'जनताको आवश्यकता' भन्दै पुन: उद्योग खोल्ने गरिएको छ । जब नयाँ सरकार गठन हुन्छन्, तब क्रसर उद्योग एकपटक बन्द गरिन्छ । पुन: मापदण्डबारे केही संशोधन नगरी खोल्ने काम हुँदै आएको छ । यसबाट सरकारको क्रसर उद्योगलाई व्यवस्थित बनाएर निरन्तर सञ्चालन गर्ने र राजश्व संकलन गर्ने भन्दा पनि मापदण्डको जाल हालेर उद्योगीलाई दबाब दिएर अदृष्य आर्थिक चलखेल गर्ने गरेको आरोप सरकारलाई लाग्दै आएको छ ।

क्रसर उद्योगहरुलाई 'अवैध' भन्दै बेलाबेला बन्द गर्ने । फेरि त्यही उद्योगहरुलाई केही समय खोल्न दिने । ती उद्योगहरुलाई कच्चा पदार्थ दिने, प्रशोधन गर्न दिने र उनीहरुले बिक्री गरेको बिल बिजकहरु जारी गर्न दिने । उनीहरुले तिरेको करलाई वैधानिक मान्ने । यो कानुनत: अमिल्दो कुरा हो । अब उद्योग बन्द हुँदा विकास निर्माण र जनताको घर संरचना निर्माणमा प्रत्यक्ष प्रभाव पर्दछ । नदीजन्य पदार्थको अवैध चोरी निकासी र मूल्यबृद्धि मौलाउँछ । आखिर जनताले नै यस्को सास्ती भोग्नुपर्ने बाध्यता छ । सरकारको राजश्व मर्ने, विकास निर्माण अलपत्र पर्ने, जनताले मूल्यबृद्धि र अभावको सास्ती खेप्नुपर्ने कुरा थाहा पाउँदा पाउँदै पनि किन क्रसर उद्योगहरु बन्द गरिन्छ ? आम जनताले प्रश्न गरेको विषय हो यो । त्यसैले अब व्यक्तिगत लहडमा होइन, स्पष्ट कानून र मापदण्ड बनाएर चल्न सक्नेलाई चलाउने चल्न नसक्नेलाई सदाको लागि बन्द गर्ने वातावरण बनोस् ।

महत्वपूर्ण टेलिफोन नम्बरहरु

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३१
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेड्क्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०४७-५२४८७, ९८४५१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	११०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७९ पुस २३ गते शनिबार ७ जनवरी २०२३ । प्रतिपदा पौस कृष्णपक्ष। पोहेलागा ११४३ ने.सं. । सूर्योदय ६:५८, सूर्यास्त ५:२२ ।

आजको राशिफल

मेष	: अशुभ समाचार सुन्नुपर्ने	तुला	: अर्थहानि हुने
वृष	: साझेदारी कार्यमा विवाद	वृश्चिक	: स्थानान्तरण हुनसक्ने
मिथुन	: दैनिक आयमा कमी	धनु	: दुस्चिन्ताले पिरोल्ने
कर्कट	: मांगलिक कार्य सम्पादन	मकर	: यात्रामा भयले सताउने
सिंह	: कार्यमा बाधा	कुम्भ	: उपचार खर्च वृद्धि हुने
कन्या	: आकस्मिक लाभ हुने	मीन	: मानसम्मान मिल्ने

अर्थतन्त्रको 'टेक अफ' : प्रचण्ड सरकारलाई अन्तिम शंकाको सुविधा

मनिकर कार्की

अर्थतन्त्रको पुनरुत्थानका लागि संरचनागत परिवर्तन, नीतिगत सुधार र सुशासन अनि पारदर्शिताको औजारमार्फत अर्थतन्त्रको "टेक अफ"हुन्छ कि हुँदैन, प्रचण्ड नेतृत्वको सरकार र अर्थमन्त्री विष्णु पौडेलमाथिको विश्वास र भरोसा पनि त्यसैमा निर्भर छ । अहिलेका लागि दुवैलाई केही समय (अन्तिम पटक) शंकाको सुविधा दिन सकिन्छ ।

यो स्तम्भ तयार गर्दैगर्दा ग्रेगोरियन क्यालेण्डर अनुसार सन् २०२३ को आगमन भएको छ । विश्वले नै नयाँ वर्षलाई स्वागत गरिरहँदा हामीले पनि नयाँ वर्षकै पूर्वसन्ध्यामा आम निर्वाचन सम्पन्न गरी नयाँ जनादेशयुक्त सरकार पाएका छौं । आवधिक निर्वाचनमार्फत मुलुकको लोकतन्त्रीकरणमा एक ईंटा थप्ने काम भएको छ । यसपटक मतदाताले आफ्नो मन र मत बदलेका छन् । जनताले मतमार्फत पुराना र ठूला भनिएका दलहरूप्रतिको दिक्दारी दर्शाएका छन् ।

मतादेशमार्फत जनताले राजनीतिक दलहरूको विकल्पको खोजी गरेका छन् । मतदाताले पारम्परिक दलहरूको हैसियत खुम्च्याइदिएर नयाँ पार्टीहरूप्रति विश्वासको दियो सल्काएका छन् । तर पनि त्यो विश्वासको दियो बलिनैरहन्छ वा निभ्छ, आगामी दिनमा नयाँ दल र तिनको नेतृत्वले जनताका पक्षमा गर्ने कार्यसम्पादनमै निर्भर हुनेछ । जेहोस्, यस पटकको निर्वाचनमार्फत जनताले परिवर्तन खोजेको संकेत चाहिं प्रष्ट रूपमा दिएका छन् । जसको प्रतिबिम्ब सत्ता-समीकरणमा देखा परेको छ । किनकि विगतमा जस्तो यस पटकको सत्ता-समीकरणमा पुराना पार्टीहरूको वर्चस्व छैन । सत्ता-समीकरणमा केही बदलाव आएको छ ।

नयाँ सत्ता-समीकरण निर्माणसँगै निर्वाचन अघि र पछिको राजनीतिक परिदृश्य फेरिएको छ । निर्वाचनबाट ठूलो दल बनेको नेपाली कांग्रेस प्रतिपक्षमा धकेलिएको छ भने दोस्रो ठूलो दल नेकपा एमाले र राष्ट्रिय दलको मान्यता पाएका बाँकी सबैजसो दलहरू सत्तापक्षी बनेका छन् । तेस्रो ठूलो दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड तेस्रो पटक प्रधानमन्त्री बनेका छन् भने ६ महिनाअघि मात्रै राजनीतिक रंगमञ्चमा उक्लिएका सञ्चार कर्मी रवि लामिछाने राष्ट्रिय स्वतन्त्र पार्टीलाई चौथो शक्तिको हैसियत दिलाएर उपप्रधानमन्त्री सहित गृहमन्त्री बनेका छन् ।

त्यसैगरी यो सरकारको सर्जक नै ठानिएका एमाले उपाध्यक्ष विष्णुप्रसाद पौडेलले यसपटक पनि पहिलो वरीयताको उपप्रधानमन्त्रीसहित अर्थ मन्त्रालयको जिम्मेवारी सम्हालेका छन् । योसँगै उनी चौथो पटक अर्थ मन्त्रालयको जिम्मेवारीमा पुगेका हुन् । अहिले मुलुकको अर्थतन्त्र संकटग्रस्त अवस्थामा रहेको छ । जिम्मेवारी सम्हाल्दै गर्दा अर्थमन्त्रीले 'अर्थतन्त्र संकटको अवस्थामा भए पनि नियन्त्रणभन्दा बाहिर नगइसकेकोले सुधार गर्दै अघि बढ्ने' विश्वास व्यक्त गरेका छन् । अर्थमन्त्रीको अभिव्यक्ति के-कति सार्थक ठहरिन्छ ? त्यो भवियष्यले नै बताउनेछ । तर, अहिलेलाई भने विद्यमान अर्थतन्त्रका आधारभूत समस्या, अर्थतन्त्रका आन्तरिक एवं बाफय परि सूचकाङ्कहरूको अवस्था र पुनरुत्थानको संभावित पर्खाइबारे चर्चा गरिनेछ ।

अर्थतन्त्रका आधारभूत समस्या

नेपाली अर्थतन्त्रका आधारभूत समस्या भनेकै न्यून उत्पादन र अधिक उपभोग हो । मुलुकको आन्तरिक उत्पादन नगण्य हुनु र उपभोगकेन्द्रित आयात बढ्दै जानु नै नेपाली अर्थतन्त्रको आधारभूत समस्या हो । त्यस्तै मुलुकलाई जहिल्यै प्राकृतिक एवं मानवीय स्रोत-साधनले धनी देश भन्दै गर्दा त्यसको सार्थक उपयोगिता हुन नसक्नु पनि हाम्रो अर्थतन्त्रको समस्या हो । आयात र निर्यातको सन्तुलन कायम हुन नसक्नु, राष्ट्रिय अर्थतन्त्रमा उत्पादनशील क्षेत्रहरूको योगदान घट्दै जानु, प्रत्येक वर्ष श्रम बजारमा थपिने जनशक्तिका लागि रोजगार नहुनु, बढ्दो महँगी र कमिशनतन्त्र, भ्रष्टाचार र आर्थिक अनियमितता बढ्दै जानु, चालू खर्च बढ्दै जानु र पूँजीगत खर्च न्यून हुनु थप समस्या हुन् ।

हामीले जनबोलीमा सुन्दै आएका छौं कि मुलुकको अर्थतन्त्र संकटग्रस्त अवस्थामा छ । आर्थिक क्षेत्रका जानकार, विज्ञ, अर्थशास्त्रीदेखि राजनीतिक नेतृत्व र आम जनसाधारणले बुझेको विषय पनि अर्थतन्त्रमा समस्या छ भन्ने नै हो । मुलुकमा उद्योग, कल-कारखाना थपिन सकेका छैनन् । भएका उद्योगधन्दा पनि समस्याग्रस्त अवस्थामा छन् । उत्पादन र व्यापार व्यवसाय फस्टाउन सकेको छैन । नयाँ रोजगारीका अवसर सिर्जना हुनसकेका छैनन् । भएका अवसरहरू गुम्दै गएका छन् । निर्यातको तुलनामा आयातको अनुपात बढ्दो छ । भएकै निर्यातले पनि पर्याप्त भ्यालु एड गर्न सकेको छैन । अन्तरराष्ट्रिय व्यापार घाटा बढ्ने क्रम जारी छ । यसले भुक्तानी सन्तुलनमा चाप परिरहेको छ ।

मुलुकको समग्र आर्थिक परिसूचक सकारात्मक हुनसकेको छैन । बैंकमा लगानीयोग्य पूँजीको अभाव छ । उपभोक्ताको खल्ती रित्तिदै गएको छ । उद्योगी व्यवसायीहरूले बक्यौता उठाउन सकेका छैनन् । सरकारको राजस्व असुल दर सुस्ताउँदैछ भने चालू खर्च बढोत्तरीको रफ्तार यथावत् छ । प्रशासनिक खर्च बढ्दै जाँदा थोरै मात्रामा हुने पूँजीगत खर्च पनि हुनसकेको छैन । मुलुकको ढुकुटीमा भएको पैसा समेत परिचालन हुन नसक्दा अर्थतन्त्र थप संकटग्रस्त बन्न पुगेको देखिन्छ ।

वित्त भनेको अर्थतन्त्रको रक्त-कोषिका नै हो । जब शरीरमा रक्तसंचार हुँदैन भने शरीरले राम्रोसँग काम गर्न सक्दैन, त्यसैले अर्थतन्त्रमा पर्याप्त मात्रामा वित्त वा नगदको प्रवाह हुँदैन भने त्यो अर्थतन्त्रले पनि राम्रोसँग कार्य गर्न सकेको हुँदैन । अहिलेको अवस्था पनि त्यस्तै छ । यी सबै कुराहरू हामीले दैनन्दिन भोग्दै, सुन्दै र सुनाउँदै आएका घटना हुन् । त्यसैले अबको मुख्य सवाल यी यावत् समस्याबाट कसरी अर्थतन्त्रको डुंगालाई नदीपार गर्ने भन्ने नै हो ।

बान्तरिक क्षेत्र

मुलुकको आन्तरिक अर्थतन्त्रमा अझै सुधार हुनसकेको छैन । बजारमा बैंक ब्याजदर ऐतिहासिक रूपले आकाशिएको छ । केही समयअघि नेपाल राष्ट्र बैंकले जारी गर्ने बैंक तथा वित्तीय संस्थाहरूका लागि अल्पकालीन तर लता व्यवस्थापन गर्ने मौद्रिक औजार २८ दिने ट्रेजरी बिलको ब्याजदर नै ९.५३ प्रतिशतसम्म पुगेको थियो । यसरी बजारमा बैंक ब्याजदर बढ्न गई लगानीमा संकुचन आयो । नेपाल राष्ट्र बैंककै तथ्यांक अनुसार अहिलेको अवस्थामा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ८.३२ र कर्जाको १२.६५ प्रतिशत रहेको छ । जबकि अघिल्लो वर्षको कात्तिक मसान्तमा यस्ता दरहरू क्रमशः ५.८० र ९.०२ प्रतिशत रहेका थिए ।

त्यसैगरी चालू आर्थिक वर्षको चार महिनाको तथ्यांकले मुद्रास्फीति दर ८ प्रतिशत नाघिसकेको देखाएको छ भने अबका दिनमा अर्थतन्त्र केही विस्तार हुँदा मुद्रास्फीति दर थप बढ्न सक्छ । शहर-बजारमा बेरोजगारहरूको संख्या बढ्दै गएको छ भने जनताको भान्सा थप महँगो हुँदै गएको छ । अर्थतन्त्रको ऐना मानिने शेयर बजारले यस वर्ष सबै लगानीकर्तालाई निराश बनाइदियो । अघिल्लो वर्ष झण्डै ३२०० को विन्दुमा पुगेको नेप्से परिसूचक यसै वर्ष १८०० कै विन्दु नजिकको ओरालो यात्रा तय गऱ्यो । १६ महिनाअघि रु.४२ खर्ब ८४ अर्ब बजार पूँजीकरण भएको धितोपत्रको मूल्य रु.२८ खर्बमा झर्न गयो । यसबाट शेयर बजारका लगानीकर्ताको सम्पत्तिमा झण्डै रु.१५ खर्बको ह्रास आयो । त्यसैले यो वर्ष शेयर बजार लगानीकर्ताका लागि निराशाजनक रहन गयो ।

उता पूँजीबजारलाई नियामक निकायले पनि पालैपालो तानातान गरिदिंदा यसले विश्वास आर्जन गर्न सकेन । नियामक निकायको अस्थिर नीति र राजनीतिक नेतृत्वको हचुवा शैलीको असंवेदनशील बैमानियतका कारण पूँजीबजार जहिल्यै दबाबमा पऱ्यो । वित्तीय बजार अर्थतन्त्रको वास्तविक क्षेत्रका लागि लगानी जुटाउने माध्यम हो । वास्तविक उत्पादनशील क्षेत्रमा लगानी बढ्दा पूँजीबजार पनि फस्टाउँछ । त्यसैले अर्थतन्त्रको उत्पादनशील प्रवृत्तिसँग जहिल्यै पूँजीबजारको प्रत्यक्ष सम्बन्ध गाँसिएको हुन्छ ।

तर, पूँजीबजारलाई केवल 'जुवाघर' नै ठानेर त्यही अनुरूप सानिएर पनि अभिव्यक्ति दिने राजनीतिक नेतृत्वका कारण नेपालको वित्तीय बजारले पटक-पटक मार खेपेको छ । गएको वर्ष पनि अर्थमन्त्रीदेखि सत्ताधारी दलका शीर्ष नेतृत्वसम्मले त्यस्तै असंगतिपूर्ण अभिव्यक्ति दिइनैरहे । परिणामस्वरूप वित्तीय बजारमा सकारात्मक माहोल सिर्जना हुन सकेन भने उत्पादनशील क्षेत्रहरूमा पनि लगानी अभिवृद्धि हुन सकेन ।

बजारमा तरलताको अभाव र निरन्तरको बढ्दो ब्याजदर, नेपाल राष्ट्र बैंकबाट शेयर धितोकर्जामा गरिएको कडाइसँगै अन्य कसिलो नियामक व्यवस्थाका कारण बजारले विगतको वर्षभरि नै ओरालो यात्रा तय गर्न पुग्यो । हालसालै विष्णु पौडेलले अर्थ मन्त्रालयको जिम्मेवारी सम्हाल्दै गर्दा मुलुकको शेयर बजारले भने सकारात्मक प्रतिक्रिया देखाएको छ । दुई साताअघिसम्म निरन्तर ओरालो यात्रा तय गरेको शेयरबजार परिसूचक नेप्से गएको साता १६१ अंकले वृद्धि भई २ हजार २९ अंकमा पुगेको थियो भने यसै साताको सुरुको दिनमा पनि १७ अंकले बजार बढ्न जाँदा बजारले नेप्सेको उकालो यात्रालाई केही सुनिश्चित गरिदिएको छ ।

यी केही संकुचित अवस्थामा रहेका आन्तरिक सूचकहरूको अवस्था विश्लेषण गर्दा अब अर्थतन्त्रले रिकभरीको चरण समाप्ते भनिन गर्न सकिन्छ । बजार अर्थतन्त्रको सुन्दरता भनेकै बेलाबेला आउने संकट र त्यसबाट अर्थतन्त्रको रिकभरी नै हो । त्यसैले अब नेपालको अर्थतन्त्रले जेजति आन्तरिक र बाफय संकटहरू व्यहोर्न पुग्यो, अब यसमा रिकभरी हुने संभावना आकलन गर्न सकिन्छ । अनि नयाँ सरकारको प्राथमिक दायित्व पनि अर्थतन्त्रलाई चलायमान गराउनु नै हुनेछ । त्यसैले अर्थतन्त्रलाई चलायमान बनाउन सरकारले नीतिगत व्यवस्थामार्फत उत्पादनशील क्षेत्रको प्रवर्द्धनका लागि राज्यको ढुकुटी खर्चिन जरूरी देखिन्छ ।

बाफय क्षेत्र

हरेक कालो बादलमा चाँदीको घेरा हुन्छ भने जस्तै संकटपछिको उभारका लागि नेपाली अर्थतन्त्र सुधारको पर्खाइमा छ । पछिल्लो समय मुलुकको अर्थतन्त्रको बाफय क्षेत्रसँग सम्बन्धित सूचकांकमा केही सुधार देखिएका छन् । युक्रेन-रूस युद्धका कारण आपूर्ति व्यवस्थामा व्यवधान उत्पन्न हुँदा अन्तर्राष्ट्रिय बजारमा आकाशिएको कच्चा तेलको मूल्य क्रमशः स्थिर हुँदै गएको छ । अन्तर्राष्ट्रिय बजारमा ब्रेन्ट कच्चा तेलको मूल्य घट्दै गएको छ । ९ महिनाअघि प्रतिब्यारेल १२२ अमेरिकी डलर पुगेको कच्चा मूल्य अहिले प्रतिब्यारेल ८५ डलर वरिपरि झरेको छ । यसबाट नेपाल आयल कर्पोरेसनले पनि क्रमशः मुनाफा आर्जन गर्न थालेको छ ।

नेपालको अर्थतन्त्रमा पेट्रोलियम पदार्थको मूल्यले पनि निकै प्रभाव पार्छ । किनकि कम्तीमा वर्षको एक खर्ब रुपैयाँ पेट्रोलियम पदार्थको खरीदकै लागि विदेशिने गरेको तथ्य हाम्रासामु प्रष्ट छ । त्यसैगरी सुनको मूल्यमा आउने बढोत्तरीले पनि नेपाली अर्थतन्त्रलाई संकटोन्मुख पारिदिएको हुन्छ । किनकि सुन किन्दा बाहिरिने विदेशी मुद्रा र अनुत्पादक क्षेत्र मानिने सुनका गरगहनाप्रति नेपालीको आकर्षणका कारण पनि ठूलो मात्रामा धनराशि विदेशिएको छ ।

अहिले सुनको मूल्यमा पनि केही कमी आएको छ । नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको रिपोर्ट अनुसार अन्तर्राष्ट्रिय बजारमा २०७८ कात्तिक मसान्तमा प्रति आउन्स सुनको मूल्य अमेरिकी डलर १८५९.२० रहेकोमा २०७९ कात्तिक मसान्तमा ४.६ प्रतिशतले कमी आई अमेरिकी डलर १७७३.०० कायम भएको छ । यी सबै कारणले विदेशी मुद्राको सञ्चितिमा पनि केही सुधार देखिएको छ । गत २०७९ असार मसान्तमा रु.१२१५ अर्ब ८० करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति २.५ प्रतिशतले वृद्धि भई २०७९ कात्तिक मसान्तमा रु.१२४६ अर्ब २७ करोड पुगेको छ ।

मुलुकको भुक्तानी अवस्था झल्काउने चालू खाताको अवस्थामा पनि निकै सुधार आएको देखिन्छ । अघिल्लो वर्षको कात्तिक मसान्तमा रु.२२० अर्ब ९१ करोडले घाटामा रहेको चालू खाता यस वर्षको कात्तिक मसान्तसम्म घाटामा सुधार भई रु.३५ अर्ब ४० करोड घाटामा रहेको छ । त्यसैगरी मुलुकमा भित्रिने र बाहिरिने रकमको अनुपात मापन गर्ने शोधनान्तर स्थिति पनि धनात्मक अवस्थामा पुगेको छ । अघिल्लो वर्षको कात्तिक मसान्तसम्म रु.१५० अर्ब ३८ करोडले घाटामा रहेको शोधनान्तर स्थिति २०७९ कात्तिकसम्म रु.२० अर्ब ३ करोडले बचतमा रहेको छ । (नेपाल राष्ट्र बैंक)

त्यसैगरी विदेशी पर्यटकहरूको आगमन पनि बढ्दै गएको पछिल्लो तथ्यांकले देखाएको छ । नेपाल पर्यटन बोर्डले जनाए अनुसार वर्ष २०२२ को ११ महिनामा ५ लाख ४६ हजार पर्यटक नेपाल भित्रिएका छन् । कोरोनाभाइरसको विश्वव्यापी संक्रमणका कारण सन् २०२० र २०२१ पर्यटनका सवालमा निराशाजन्य वर्षहरू बने । तर, कोभिड विरुद्धको खोपको विकास र कोरोनाभाइरसलाई जीवनकै एउटा पक्षको रूपमा ग्रहण गर्ने प्रवृत्तिले विश्वव्यापी स्वरूप ग्रहण गरेसँगै विदेशी पर्यटकहरूको आगमन बढ्दै गएको हो ।

नेपालको अर्थतन्त्रमा विदेशी मुद्रा आर्जन गर्ने एउटा गतिलो माध्यम भनेको पर्यटन पनि हो । त्यसैले यस वर्ष पर्यटन व्यवसायले कोरोनाकाल अघिको लय समाउँदै गर्दा अबको वर्ष सुखद हुने अनुमान गर्न सकिन्छ । किनकि पर्यटन क्षेत्रबाट विदेशी मुद्राको आर्जन हुने र भुक्तानी सन्तुलनलाई पनि सकारात्मक प्रभाव पर्ने देखिन्छ । यी केही बृहत् अर्थशास्त्रीय तथ्यांकहरूमा आएको सकारात्मक परिवर्तनले पक्कै पनि आगामी वर्ष नेपाली अर्थतन्त्रको पुनरुत्थानको वर्ष हुनसक्ने आकलन गर्न सकिन्छ ।

पुनरुत्थानको पर्खाइ

गत साता प्रधानमन्त्री बनेपछि प्रचण्ड पहिलो पटक गृह जिल्ला चितवन पुगेर अब आफू "भाषण नगर्ने, सुशासन र विकासका लागि मरिमेटेर काम गर्ने" अभिव्यक्ति दिए । अनि नवनियुक्त अर्थमन्त्री विष्णु पौडेलले पनि कुनै एक अन्तरकियाका क्रममा प्रधानमन्त्रीकै बोलीसँग लय मिल्ने गरी 'सुशासन र पारदर्शिता'लाई संस्थागत गर्दै अर्थतन्त्रको पुनरुत्थानमा लाग्ने बताएका छन् ।

त्यसैले अब विकास, समृद्धि, प्रगति र उन्नतिको लक्ष्य नै सरकार र सत्ताधारी दलहरूको अभीष्ट हो । यदि यो लक्ष्य लिएर अघि बढ्ने हो भने पक्कै पनि यसका केही आधारभूत पक्षहरूलाई ख्याल गर्नैपर्छ । समृद्धि केवल बाहिरी आवरणमा देखिने भौतिक उपलब्धि मात्र होइन । यो व्यक्तिमा अन्तरनिहित सिर्जनशील क्षमतालाे प्रस्फुटन र त्यसको बजारीकरण पनि हो । एकदमै सरल शब्दमा भन्ने हो भने, थोरै समय र स्रोतको लगानीबाटै व्यक्तिले आफ्ना आवश्यकता पूरा गर्न सक्नु नै समृद्धि हो । त्यसैले भौतिक विकाससँगै सामाजिक विकास, आत्मिक विकास, समावेशी विकास, वातावरणीय सन्तुलन र व्यक्तिगत खुसी नै समृद्धिका विषयवस्तु हुन् ।

अनि यी समृद्धिका आधार तत्वहरू प्राप्तिका लागि अर्थतन्त्रको संरचनागत परिवर्तन पनि उत्तिकै महत्वपूर्ण छ । अहिलेसम्म हामीले गर्न नसकेको पाटो भनेकै अर्थतन्त्रको पुनर्संरचना हो । सरकारले कहिल्यै पनि साना गरिखाने जनताको हित हुने नीति अवलम्बन गर्न सकेको छैन । विगतमा सानाहरूलाई शासन-प्रशासन लगाएर दैवस्तुर उठाउने अनि ठूलालाई छुटैंछुट दिने गलत नीतिले अर्थतन्त्रको आधारभूमि बलियो बन्न सकेन ।

त्यसैले संकटको डिलमा पुगेको अर्थतन्त्रलाई लयमा फर्काउँदै विकास र उन्नतिको उडान भर्नका लागि कृषिकेन्द्रित औद्योगिकीकरण सहित छरिएर रहेको स-सानो बजारलाई कनेक्ट गरी राष्ट्रिय स्वरूप दिने नीति अवलम्बन गरिनुपर्छ । साना किसान, मजदुर, व्यापारी, व्यवसायी, उद्यमीहरूको हित भयो भने सबैको हित हुन्छ । त्यसैले झण्डै अर्थतन्त्रको ५० प्रतिशत हिस्सा जुन औपचारिक दायरामा आउन सकेको छैन, त्यसलाई औपचारिक दायरामा ल्याउँदै साना उद्यमशील व्यवसायीको हितानुकूल हुने अर्थनीति अवलम्बन गरिनुपर्छ ।

त्यसैगरी अर्थतन्त्रको विस्तार र विकासका लागि सुशासन र सदाचारलाई अंगीकार गरैपर्छ । किनकि यी समृद्धिका अनिवार्य शर्त हुन् । अनि सुशासनका लागि बन्द र अँध्यारो कोठामा हुने अभ्यासहरू अन्त्य हुनुपर्छ । विगतमा पूर्व अर्थमन्त्री जनार्दन शर्मालाई बजेट निर्माणका क्रममा अनधिकृत व्यक्ति प्रवेश गराएको र "पोलिसी फयाक" गरेर कुनै व्यक्ति वा समूहलाई अनुचित लाभ दिलाएको गम्भीर आरोप लागेको थियो । अब त्यस्तो नहोस् भन्नका लागि पारदर्शिता र जवाफदेहीयुक्त प्रशासन लागू गर्नुपर्छ ।

अर्थतन्त्रमा बेलाबखत विस्तार र संकुचनका कुइनेटाहरू आइनैरहन्छन् । यसलाई अर्थशास्त्रमा व्यावसायिक चक्र भनिन्छ । अर्थतन्त्रको व्यावसायिक चक्रमा चार चरण हुन्छन् (महामन्दी -अवसान), मन्दी, पुनरुत्थान र विस्तार (समृद्धि) । अर्थतन्त्रमा यी चक्रहरूलाई नियमित प्रक्रिया मानिन्छ । नेपालको अर्थतन्त्र पनि मन्दीबाट पुनरुत्थानको पर्खाइमा छ ।

अब गुम्दै गएको विश्वासलाई पुनर्जागृत गर्दै मुलुक र जनताको सर्वोपरि हित हुने गरी अर्थतन्त्रको पुनरुत्थानका लागि संरचनागत परिवर्तन, नीतिगत सुधार र सुशासन अनि पार दर्शिताको औजारमार्फत अर्थतन्त्रको 'टेक अफ' हुन्छ कि हुँदैन, प्रचण्ड नेतृत्वको सरकार र अर्थमन्त्री विष्णु पौडेलमाथिको विश्वास र भरोसा पनि त्यसैमा निर्भर छ । अहिलेका लागि दुवैलाई केही समय (अन्तिम पटक) शंकाको सुविधा दिन सकिन्छ ।*साभार : अनलाइनखबर*

महिन्द्रलाई मन्त्री बनाउन बाबुरामको दौडधुप

काठमाडौं/प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड यसपटक सरकारमा आफ्नो पार्टी माओवादी केन्द्रबाट नयाँ सांसदलाई अवसर दिने मनस्थितिमा छन् । उनले पार्टीका पदाधिकारी र आकांक्षी नेताहरूलाई समेत युवा र सक्षम व्यक्तिलाई सर कारमा लैजाने बताइरहेका छन् ।

माओवादी केन्द्रमा अब थपिने मन्त्रीको सूचीमा पार्टीका युवा सांसदहरू सुदन किराती, माधव सापकोटा, अमनलाल मोही, रेखा शर्मा, हितबहादुर तामाङको चर्चा भइर हेको छ । यससँगै नेपाल समाजवादी पार्टी (नेसपा) का अध्यक्ष महिन्द्र राय यादव पनि उक्त सूचीमा छन् ।

नेसपासँग पार्टी एकताको विषय अघि बढेसँगै यादवलाई मन्त्री बनाउन उक्त पार्टीका अर्का अध्यक्ष बाबुराम भट्टराईले दौड्धुप थालेका छन् । त्यसका लागि भट्टराईले सत्ता गठबन्धन दलका सबै शीर्ष नेताहरूलाई भेटेर मनाउने प्रयास गरिसकेका छन् ।

यसै विषयमा छलफल गर्न भट्टराई सोमबार एमाले अध्यक्ष केपी शर्मा ओलीको निवास बालकोट पुगेका थिए । भट्टराईको सचिवालयले ओलीसँगको भेटमा सत्ता गठबन्धन र वर्तमान राजनीतिक परिदृश्यबारे छलफल भएको जनाएको छ । तर बालकोट निकट स्रोतका अनुसार भट्टराईले आफ्नो पार्टीका अर्का अध्यक्ष यादवलाई मन्त्रिपरिषदमा लैजाने विषयमा छलफल गरेका थिए ।

उनको प्रस्तावमा एमाले अध्यक्ष ओलीले सकारात्मक भएको तर धेरै दलका आकांक्षी समेट्नुपर्ने भएकाले कसरी समाधान गर्ने भनेर छलफल गर्नुपर्ने बताएका थिए ।

'यादव उहाँको पार्टीबाट निर्वाचन जितेका एकजना मात्रै सांसद हुनुहुन्छ । उहाँलाई पनि सर कारमा सामेल गराउनुपर्‍यो भन्ने भट्टराईजीको प्रस्ताव थियो', एक नेताले भने, 'माओवादीको चुनाव चिह्न लिएर चुनाव लडेकाले सोही पार्टीको भागबाट मन्त्री बनाउँदा सबैलाई समेट्न सजिलो हुन्छ भन्ने अध्यक्षको सुझाव छ । तर त्यसै कारण उहाँलाई मन्त्री नबनाउने भन्ने हुँदैन होला ।'

ती नेताका अनुसार ओलीले माओवादी केन्द्र र नेसपाबीच एकता हुने करिब निश्चित भइसकेको र अन्य दलका आकांक्षीलाई पनि समेट्नुपर्ने अवस्था रहेको भन्दै समाधानको सहज बाटो खोज्नुपर्ने बताएका थिए ।

सोही दिन भट्टराई प्रचण्डलाई भेट्न प्रधानमन्त्री निवास बालुवाटार पनि पुगेका थिए । भट्टराईको सचिवलायले ११औं गोरखा महोत्सवको प्रमुख अतिथिका लागि प्रधानमन्त्री प्रचण्डलाई अनुरोध गर्न गोरखा उद्योग वाणिज्य संघको टोलीसँगै उनी बालुवाटार पुगेको र समसामयिक विषयमा छलफल भएको जनाएको थियो । तर बालुवाटार स्रोतका अनुसार प्रचण्ड र बाबुराम बीच सोही दिन पार्टी एकता र यादवलाई मन्त्रिपरिषदमा लैजाने विषयमा कुराकानी भएको थियो ।

माओवादी केन्द्र र नेसपा बीच मन्त्रिपरिषद् विस्तारलगत्तै पार्टी एकता गर्ने तयारी चलिरहेको छ । नेसपाका प्रचार विभाग प्रमुख विश्वदीप पाण्डेका अनुसार आगामी २४ गते बस्ने नेसपाको राजनीतिक परिषद् बैठकमा यस विषयमा छलफल हुनेछ । 'अहिलेसम्म एकताका विषयमा सकारात्मक छलफल भइरहेको छ । सम्भावना धेरै छ भन्न सकिन्छ', पाण्डेले भने ।

यद्यपि, दुवै पार्टीका अन्य नेताहरूसँगको अनौपचारिक कुराकानीलाई आधार मान्दा एकता हुने निश्चित भइसकेको छ । नेसपाले प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनमा माओवादी केन्द्रकै चुनाव चिह्न हँसिया हथौडा लिएर प्रतिस्पर्धा गरेको थियो । समानुपातिक सूचीमा पनि नेसपाका नेतालाई माओवादी केन्द्रकै सूचीमा राखेर आयोगमा पेस गरेको थियो । माओवादी केन्द्रले नेसपा नेतृ उमरावतीदेवी यादवलाई समानुपातिक पद्धतिबाट सांसद बनाएको छ । साथै प्रदेशसभामा पनि नेसपाले माओवादी केन्द्रकै चिह्नबाट दुई सिट जितेको छ ।

यादवको अपराजित यात्रा, निरन्तर मन्त्री

हाल नेसपाका अध्यक्ष रहेका यादव वामपन्थी पृष्ठभूमिका नेता हुन् । उनी निरन्तर चुनाव जिन्ने, सरकारमा सहभागी हुने र पार्टी परिवर्तन गर्ने नेताका पर्दछन् । पञ्चायतविरूद्ध भूमिगत राजनीति गरेका उनी २०४८ देखि संसदीय निर्वाचनमा भाग लिँदै आएका छन् ।

पहिलोपटक मानन्धर पार्टीबाट २०४८ सालमा चुनाव लडेका यादव सर्लाही निर्वाचन क्षेत्र नम्बर १ बाट पराजित भएका थिए । तर त्यसपछि भने उनी हरेक चुनावमा जित हासिल गर्दै आएका छन् । त्यसपछि नेकपा एमालेमा प्रवेश गरेका यादव २०५१ र २०५६ सालमा सोही क्षेत्रबाट निर्वाचित भएका थिए ।

०६२/०६३ को जनआन्दोलनपछि बनेको अन्तरिम संविधानमा संघीयता नसमेटिएको भन्दै मधेश आन्दोलन सुरु गर्न यादवले एमाले परित्याग गरेका थिए । एमाले परित्याग गरेका यादव २०६४ सालको पहिलो संविधानसभा चुनावमा तत्कालीन तराई मधेश लोकतान्त्रिक पार्टीबाट समानुपातिक सांसद बनेका थिए ।

त्यसपछि मधेश केन्द्रित पार्टीहरूमा विभाजन आएपछि उनले आफ्नै नेतृत्वमा तराई मधेस सद्भावना पार्टी गठन गरेका थिए । सोही पार्टीबाट उनी ०७० सालमा सर्लाही-२ बाट राजेन्द्र महतोलाई पराजित गरेर निर्वाचित भएका थिए ।

०७२ सालमा नयाँ संविधानसँग असहमत भएर दोस्रो मधेश आन्दोलन गरेपछि मधेसका ६ वटा दल मिलेर राष्ट्रिय जनता पार्टी (राजपा) गठन भयो । तत्कालीन राजपा अध्यक्ष मण्डलका सदस्य रहेका यादवले ०७४ को निर्वाचनमा सोही क्षेत्रबाट कांग्रेसका जंगीलाल रायलाई पराजित गरेका थिए ।

अघिल्लो निर्वाचनपछि राजपा र उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरमबीच एकता भएर जनता समाजवादी पार्टी (जसपा) बनेको थियो । तर ओलीले पटकपटक संसद विघटन गरेपछि त्यसको पक्ष र विपक्षमा उभिने विषयलाई लिएर विवाद भएपछि जसपा विभाजन भयो । विभाजनका क्रममा राजपाबाट आएका यादव उपेन्द्र नेतृत्वको जसपामा लागे । पहिलोपटक मानन्धर पार्टीबाट २०४८ सालमा चुनाव लडेका यादव सर्लाही निर्वाचन क्षेत्र नम्बर १ बाट पराजित भएका थिए । तर त्यसपछि भने उनी हरेक चुनावमा जित हासिल गर्दै आएका छन् । त्यसपछि नेकपा एमालेमा प्रवेश गरेका यादव २०५१ र २०५६ सालमा सोही क्षेत्रबाट निर्वाचित भएका थिए ।

०६२/०६३ को जनआन्दोलनपछि बनेको अन्तरिम संविधानमा संघीयता नसमेटिएको भन्दै मधेश आन्दोलन सुरु गर्न यादवले एमाले परित्याग गरेका थिए । एमाले परित्याग गरेका यादव २०६४ सालको पहिलो संविधानसभा चुनावमा तत्कालीन तराई मधेश लोकतान्त्रिक पार्टीबाट समानुपातिक सांसद बनेका थिए ।

त्यसपछि मधेश केन्द्रित पार्टीहरूमा विभाजन आएपछि उनले आफ्नै नेतृत्वमा तराई मधेस सद्भावना पार्टी गठन गरेका थिए । सोही पार्टीबाट उनी ०७० सालमा नेपालका प्रधानमन्त्री प्रचण्डले विश्वासको मत पाएको खण्डमा यादव मन्त्रीमा दोहोरिने निश्चितजस्तै छ ।

(स्रोत: अनलाइखबर)

फिल्मकर्मीसँग नेपाल प्रहरीको अन्तक्रिया, समन्वय र सहयोगको वाचा

काठमाडौं/कलाकार र नेपाली फिल्म क्षेत्रबीचको समन्वय र सहयोग आदान-प्रदानको लागि नेपाल प्रहरीले नेपाली फिल्मकर्मी तथा विज्ञसँग अन्तक्रिया गरेको छ । बुधबार नेपाल प्रहरी प्रधान कार्यालय, नक्सालमा आयोजित अन्तक्रिया कार्यक्रममा केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक टेक प्रसाद राईले फिल्म क्षेत्रलाई आवश्यक हरेक सहयोग गर्न नेपाल प्रहरी सदैव तत्पर रहेको बताए ।

फिल्ममा नेपाल प्रहरीलाई नकारात्मक चरित्रको रूपमा मात्र प्रस्तुत गर्दा प्रहरी सेवाप्रति नागरिकको धारणा नराम्रो बन्ने र आकर्षण कम हुनसक्नेमा उनले चिन्ता व्यक्त गरे । फिल्मको सिर्जना र कथा मर्नु हुँदैन भन्नेमा नेपाल प्रहरी सजग रहेको जिकिर गर्दै उनले तल्लो दर्जाको प्रहरी कार्यक्षेत्रका वास्तविक फिल्ममा समेटियोस् भन्ने अपेक्षा र खेको बताए ।

चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीले फिल्म छायांकनको क्रममा प्रहरीसँग सम्बन्धित हातहतियार, पोशाक, सवारीसाधन र छायाकंनस्थलको प्रयोगलाई थप व्यवस्थित गर्न नेपाल प्रहरीलाई आग्रह गरेका छन् । छायाकंन र प्रदर्शनपछि दृश्य मोबाइलमा खिचेर इन्टरनेटमा सार्वजनिक दिने प्रवृतिले निर्मातालाई नोक्सान हुने गरेकाले यसलाई नियमन गर्न उनले प्रहरीसँग सहयोग मागे ।

निर्माता समेत रहेका भुवन केसीले फिल्म छायांकनमा ड्रोनको प्रयोग सहजीकरणको लागि पनि नेपाल प्रहरीलाई आग्रह गरेका छन् । नेपाल चलचित्र निर्माता संघका अध्यक्ष नवल खड्काले फिल्म निर्माणको क्रममा नेपाल प्रहरीसँग सम्बन्धित दृश्यहरू सुधार गर्न प्रयत्नरत रहेको बताउँदै यसका लागि नेपाल प्रहरीको तर्फबाट समन्वय अधिकृत व्यवस्थापन गरि दिए अझ सहज हुने धारणा राखे ।

कलाकार नीर शाहले नेपाल प्रहरीसँग फिल्म उद्योगको इतिहास जोडिएको चर्चा गर्दै आगामी दिनमा समेत पारस्परिक सहयोग आदान प्रदान गर्न फिल्म उद्योग तयार रहने प्रतिबद्धता व्यक्त गरे । प्रहरी वरिष्ठ उपरीक्षक दान बहादुर कार्कीले फिल्ममा देखाइने प्रहरीले गर्ने क्रुर व्यवहारसँग सम्बन्धि दृश्य मानव अधिकारविरूद्धको कार्य भएकोले उक्त दृश्य देखाउनु सान्दर्भिक नहुने बताए ।

फिल्ममा प्रहरीसँग सम्बन्धित भूमिका, कथावस्तु अनुसार फिल्ममा पक्राउ परेका व्यक्तिहरु उपर कानुनसम्मत एवम् मानवोचित व्यवहार प्रस्तुत, फिल्म छायाङ्कन पूर्व प्रहरी प्रधान कार्यालयसँग समन्वय, प्रहरीले निर्माण गरेका जनचेतनामूलक श्रव्यदृश्य सामग्री फिल्म हलमा प्रसारण गर्ने पहतीको विकास लगायतका विषयमा पनि नेपाल प्रहरी र फिल्मकर्मीहरु बीच छलफल भएको थियो ।

कलाकार कृष्ण मल्ल, संगीतकार शम्भुजित बास्कोटा, प्राविधिक संघका अध्यक्ष पुस्कर लामा, कलाकार संघका रामेश्वर बुर्लाकोटी, निर्देशक समाजका महासचिव जनकदीप पराजुली, नेपाल चलचित्र संघका उपाध्यक्ष गोपाल कायस्थ, द्वन्द्व कलाकार संघका अध्यक्ष नारायण प्रधान, नेशनल डेल्फिक काउन्सिल नेपालका अध्यक्ष श्रीदेव बिएलनगायतको पनि कार्यक्रममा उपस्थिति रहेको थियो ।

(स्रोत: फिल्मीखबर)

कलाकार संघको अध्यक्षमा मोहन निरौला उठ्ने

काठमाडौं/नेपाली फिल्मका कलाकारहरुको छाता संस्था नेपाल चलचित्र कलाकार संघले आगामी चैत ४ गतेलाई १९औं महाधिवेशनको मिति तय गरेपछि विभिन्न पदमा उम्मेदवारी घोषणा गर्न सुरु भएको छ । बुधबार संघको बैठकले अधिवेशनको मिति घोषणा गरे लगत्तै कलाकार मोहन निरौलाले अध्यक्ष पदमा उम्मेदवारी दिने घोषणा गरेका छन् । उनी संघका वर्तमान उपाध्यक्ष तथा प्रवक्ता हुन् ।

आफूले लामो समयदेखि संघमा रहेर काम गरेकोले यसपटक अध्यक्षमा उठ्न लागेको निरौलाले बताए । उनले एजेन्डामा फिल्म क्षेत्रको संरक्षण र सम्वर्द्धन, कलाकारको वर्गिय हित र उत्थान, सामाजिक परिवेशलाई अगाडि सारेका छन् । यी तीनवटा कुरालाई 'विफ्रिड' गरेर चौडै एजेन्डा पत्र सार्वजनिक गर्ने उनको योजना छ । यसपटक कलाकार संघभित्र सर्वसम्मतको प्रयास भैरहेको छ ।

'आर्दश नारी', 'बेहुली', 'तिरहरी', 'स्वर्ग', 'नाता', 'आर्शिवाद', 'जन्म मत्यु', 'अजम्बरी नाता', 'रावण', 'अलविदा' लगायत सयभन्दा बढी फिल्ममा अभिनय गरिसकेका उनी 'सम्पति', 'पुकार', 'जन्मभूमि' फिल्मका निर्देशक समेत हुन् । नेपाली कला, साहित्य, संस्कृति, फिल्म आदीमा भएको अतिक्रमण विरुद्ध लड्न उनले 'नेपाली संस्कृति बचाऔं राष्ट्रिय महाअभियान' समेत चलाउँदै आएका छन् । कलाकार संघको चन्द्रागिरी नगरपालिका वडा नं. १२ पुरानो नैकापमा भवन निर्माण भैरहेको छ ।

नेपाल सरकारले २०७७/७८ को आर्थिक वर्षको बजेटमा कलाकार संघको भवन निर्माणलाई आर्थिक सहयोग गर्ने घोषणा गरेपछि संघले नैकापमा जग्गा खरिद गरेर भवन निर्माण सुरु गरेको हो । कलाकार संघको भवन निर्माणका लागि सरकारले ५० लाख उपलब्ध गराएको जानकारी प्राप्त छ ।

सेनाले सुरु गऱ्यो गोरखादेखि काठमाडौंसम्मको पैदलयात्रा

गोरखा/गोरखादेखि काठमाडौंसम्मको पैदल मार्गमा नेपाली सेनाले पदयात्रा सुरु भएको छ । गोरखाका राजा पृथ्वीनारायण शाहको जन्मजयन्तीको अवसर पारेर सेनाले पदयात्रा सुरु गरेको हो ।

बिहीवार एक कार्यक्रमका बीच गोरखा दरबारको हनुमान भञ्याङ चौतारावाट पदयात्रा सुरु गरेको रिपुमर्दन गणका गणपति हेमराज विष्टले बताए । यो पदयात्रालाई सेनाले एकीकरण पदयात्रा नाम दिएको छ ।

उपसेनानी बम बोगटीको नेतृत्वमा ३० जनाको टोली यात्रामा सहभागी हुन् । नेपालको राष्ट्रिय झण्डा, टर्च र पृथ्वी नारायण शाहले तत्कालिन समयमा खडा गरेका नेपाली सेनाका प्रथम पाँच कम्पनी (श्रीनाथ, कालीबक्स, पुरानो गोरख, बर्द बहादुर र सबुज) का झण्डाहरु लिएर पृथ्वी नारायण शाहकालीन पोशाकमा बाजागाजा सहित टोली यात्रामा निस्किएको गणपती विष्टले जानकारी दिए ।

उनका अनुसार गोरखा दरबारबाट सुरु भएको यात्रा धादिङ, नुवाकोट हुदै काठमाडौ पुग्ने छ । 'यो टोली गोरखा नगरपालिकाको ताप्ले, भीमसेन थापा गाउँपालिको अश्राङ, बोर्लाङ हुदै बोर्लाङघघाट पुगेर धादिङको शिवदल गणलाई टर्च र झण्डा बुझाएर फर्कन्छ' विष्टले भने ।

त्यसपछि धादिङको टोलीले नुवाकोटमा टर्च र झण्डा जबरजंग गणलाई बुझाउछ र नुवाकोटले काठमाडौंको कालीध्वज गणलाई बुझाउँछ । काठमाडौंको टोलीले २६ पुसमा बालाजु बाइपासमा रहेको सार्दुलजंग गुल्ममा टर्च र झण्डा हस्तान्तरण गर्ने छ । उक्त टर्च र झण्डा हेडक्वार्टर हुदै २७ पुसमा हनुमान ढोका लगिने छ ।

पदमार्ग, कोट, गढी र किल्लाहरु सम्वर्द्धन र प्रवर्द्धन गर्ने नेपाली सेनाको कार्यक्रम अन्तर्गत पदयात्रा गरिएको गणपति विष्टले बताए । राज्य एकीकरणको क्रममा पृथ्वीनारायण शाहले प्रयोग गरेको मार्गलाई एकीकरण मार्गको रुपमा विकास गर्न केही बर्षदेखि पदयात्राले निरन्तरता पाउँदै आएको उनले जानकारी दिए । पदयात्रामा सहभागी टोलीलाई बिहीबार एक कार्यक्रमका बीच टर्च र नेपालको राष्ट्रिय झण्डा हस्तान्तरण गरिएको छ । नेपाली सेनाका पश्चिम पृतना हेडक्वार्टरका पृतनापति उपरथी दीपककुमार बानियाँले उपसेनानी बम बोगटीलाई टर्च र झण्डा हस्तान्तरण गरेका हुन् ।

कार्यक्रममा बोल्दै पृतनापति बानियाँले राष्ट्रिय एकताको सन्देशसँगै पदमार्ग, कोट, गढी र किल्लाहरु सम्वर्द्धन, संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यका साथ पदयात्रा गरिएको बताए ।

गोरखा नगरपालिकाका मेयर कृष्ण राना मगरले इतिहास संरक्षणका लागि सेना सुरु गरेको पदयात्रा महत्वपूर्ण रहेको बताए । यस कार्यमा नगरपालिकाले पनि साथ दिदै आएको बताउदै उनले थपे, 'पर्यटन प्रवर्द्धनका लागि यही पुस २७ बाट ठुलोआँगनमा पृथ्वीनारायण शाहकालीन पोशाकमा नेपाली सेनाको परेड पनि सुरु हुन्छ ।'

प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यले एकीकरण मार्ग प्रवर्द्धनका लागि सुरु गरिएको पदयात्राको प्रशंसा गरे । इतिहास संरक्षणमा यसले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउदै उनले निरन्तरताका लागि सबैको सहयोग आवश्यक पर्ने धारणा राखे ।

नेपाल पत्रकार महासंघ गोरखा शाखाका अध्यक्ष नरहरि सापकोटाले पदमार्गमा पर्ने पाटी, पौवा एवं चौतारहहरको संरक्षण गर्नुपर्ने बताए । *(अनलाइखबर)*

भुटनिज युथ स्पोर्टस् क्लब आहा रारा पोखरा गोल्डकपको फाइनलमा

पोखरा/अमेरिकी क्लब भुटनिज युथ स्पोर्टस् क्लब (बीवाईएससी) पोखरामा जारी २२ औं आहारारा पोखरा गोल्डकपको फाइनलमा पुगेको छ । पोखरा रंगशालामा बिहीबार भएको दोस्रो सेमिफाइनलमा चर्च ब्वाइज क्लबलाई १-० ले हराउँदै बीवाईएससीले उपाधि भिङन्त पक्का गरेको हो ।

प्रतिस्पर्धात्मक खेलको पहिलो हाफको अतिरिक्त समयमा बीवाईएससीले अग्रता लिएको थियो । ४६ औं मिनेटमा बीवाईएससीका रोजिन प्रजापतिले गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए । प्रविन बस्नेतको पासमा हेडमार्फत गोल गरेका थिए । सोही अग्रतालाई बचाउँदै बीवाईससी जारी आहा रारा पोखरा गोल्डकपको फाइनल पुग्न सफल रह्यो ।

८३ औं मिनेटमा चर्च ब्वाइजका खेलाडी आशिष चौधरीले रातो कार्ड पाएर मैदान छाड्नेपछि चर्च ब्वाइज क्लब १० खेलाडीमा सीमित भएको थियो । चौधरीले बल खोस्ने क्रममा बीवाईएससीका डाइलो इराकागलाई लडाएपछि रातो कार्ड पाएका हुन् ।

उपाधिका लागि अब अमेरिकी क्लब बीवाईएससीले संकटसँग २३ पुसमा प्रतिस्पर्धा गर्नेछ ।

अघिल्लो पटक क्वार्टर फाइनलबाटै बाहिरिएको बीवाईएससी ६ पटकको विजेता मनाङ मर्स्याङ्डीलाई पराजित गर्दै सेमिफाइनल प्रवेश गरेको थियो । पहिलो पटक आहाराराम सहभागी भएको चर्च ब्वाइजले मच्छिन्द्र क्लबलाई पराजित गर्दै अन्तिम ४ मा स्थान सुरक्षित गरेको थियो ।

श्री मालपोत कार्यालय मकवानपुरबाट
मिति: २०७९/०९/१९ मा जारी भएको नामसारीको
हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदक- नक्कली माया थामी (छोरी) ज. ध रमान थामी (बाबु)

यसमा जिल्ला मकवानपुर सविक हटिया गाविस वडा ६ को कि.नं. ३१५ को क्षेत्रफल ज. वि. ०-६-१३ को जग्गाधनी तथा आफ्नो बाबु रजमान थामीको मिति २०४५/१०/२० मा मृत्यु भएको, निज जग्गाधनी एकमात्र पत्नी च्यान्टि थामीको समेत मिति २०४८/१०/२३ मा मृत्यु भएको, निज जग्गाधनी र निजको पत्नीको दाम्पत्य जिवनबाट कुनै पनी छोराहरुको जायजन्मनै नभएको तथा एक मात्र छोरी नक्कली मया थामीको मात्र जायजन्म भएको, जग्गाधनीको नाम श्रेस्तामा रजमान थामी भएको तर निवेदिकाको नागरि कतामा बाबुको लाङ्गो थामी भई नाम फरक फरक भएपनि एकै व्यक्ति भएको कारण उल्लेखित जग्गा मेरो नाममा एकलौटी नामसारी गराईपाउँ भनी निवेदिकाले हेटौंडा उपमहानगरपालिका १८ नम्बर वडा कार्यालयको च.नं. ११४३ मिति २०७९/०८/१९ को सिफारिस, नाता प्रमाणित, लाङ्गे थामी, लाङ्गो थामी र रजमान थामी तीनै वटा नाम भएको व्यक्ति एकै व्यक्ति हुन् भन्ने व्यहोराको सिफारिस तथा सम्पति कर तिरेको रसिद समेत संलग्न गरी द.नं. ५६७४ मिति २०७९/९/०३ मा मागदावी निवेदन पेश गर्नु भई तोकादेश भई सनाखत समेत प्रमाणित भएकोमा वडा कार्यालयको सिफारिस सहित मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा जग्गाधनी र निजको पत्नीको मृत्यू भएको, जग्गाधनीको कुनैपनि छोराहरुको जायजन्म भएको नदेखिएको, जग्गाधनीको नाम श्रेस्तामा रजमान थामी तथा अन्य कागजातमा लाङ्गे थामी/लाङ्गो थामी भई फरक फरक देखिएको, जग्गाधनी प्रमाणपुर्जा सक्कल पेश नभएको तथा निवेदिकाको आमा च्यान्टि थामीको मृत्यु दर्ता प्रमाणपत्र समेत सक्कल पेश भएको नदेखिएले जग्गाधनीको हकदारहरु, जग्गाको हकभोग, जग्गाधनी र निजको पत्नीको पालन पोषण/सदगद र जग्गाधनीको नाम फरक फरक कागजातमा फरक फरक देखिएको सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित गरी सूचना टाँसको जानकारी तथा सूचना प्रकाशित भएको पत्रिका प्राप्त भई म्याद भूक्तान भए पछी पेश गर्नु भनी भएको आदेश बमोजिम यो पैतीस दिने सार्वजनिक सूचना प्रकासित गरिएको छ ।

अत: निवेदकको माग दावी सत्य नभई झुठा भए वा जग्गाधनीको अरु कोही हकदारहरु पनि भए वा जग्गाधनीको पालनपोषण र सदगद अरुलेनै गरेको भए वा रजमान थामी र लाङ्गो/लाङ्गे थामी एकै व्यक्ति नभई फरक फरक व्यक्ति भए वा. उल्लेखित जग्गा निवेदकको नाममा एकलौटी नामसारी गर्दा कुनै सरकारी, सार्वजनिक, सामुदायिक, व्यक्तिगत वा अन्य जग्गा तथा संरचनामा प्रतिकुल असर पर्ने भए वा निवेदकको माग बमोजिम नामसारी हुनु/गर्नु नहुने कुनै कारण भए यो सूचना प्रकाशित/जारी भएको मितिले पैतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला। अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

ईति सम्वत् २०७९ साल पौष महिनाको १९ गते रोज ०३ शुभम् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा

"तपाई, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

मकवानपुरगढी गाउँपालिकाको ३ नम्बर वडामा गाईहरुमा देखिएको 'लम्की स्किन' रोग बारे जानकारी लिँदै गाउँपालिका उपाध्यक्ष मानकुमारी पाम्बिन नेपाली, वडा अध्यक्ष भागवत घिमिरे, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका निमित्त निर्देशक डाक्टर ब्रजकिशोर ठाकुर लगायत । ३ नम्बर वडाका कृषकहरुले पालन गर्दै आइरहेका गाईहरुमा 'लम्की स्किन' रोग देखिएपछि स्थानीय कृषकहरु चिन्तित छन् । गाउँपालिकाले गाईको उपचार नि:शुल्क गर्ने प्रतिबद्धता जनाएको छ । *तस्विर: साझाकुरा ।*

सुस्मिता हत्या प्रकरण:

परिवारका ससुरादेखि ज्वाईसम्म पाँचै जना दोषी ठहर

साझाकुरा संवाददाता

हेटौँडा, पुस २१/जिल्ला अदालत मकवानपुरले चार दिनसम्मको निरन्तर बहसपछि हेटौँडाकी सुस्मिता केसी (थापा) हत्या प्रकरणका पाँच जना आरोपितमाथि कसुरदार ठहरको फैसला सुनाएको छ ।

सुस्मिताको हत्यामा संलग्न भएको आरोपमा ससुरा, सासू, दुई नन्द र ज्वाईँलाई अदालतले कसुर दार ठहर गरेको हो । मुख्य अभियुक्तका रूपमा ससुरा र कान्छी नन्द सीता थापालाई जन्मकैद सजायको माग गरिएको छ ।

दुर्गा र अरुण कार्कीलाई आपराधिक षड्यन्त्र गरेको अभियोगमा जन्मकैदको माग गरिएको छ । यसैगरी, मृतक सुस्मिताकी सासु तुलसा कुमारी थापालाई मतियारको भूमिका निर्वाह गरेकाले मुख्य अभियुक्तले पाउने सजायको आधा सजाय माग दाबी गरिएको अधिवक्ता बालकृष्ण अधिकारीले जानकारी दिए ।

कपिलवस्तुको बाणगंगा नगरपालिका माइती भएकी २२ वर्षीया सुस्मिताको हेटौँडा उपमहानगर पालिका-४, स्थित घरमा २०७७

असार १ गते राति करिब १० बजेको समयमा हत्या भएको थियो । घरको भान्सा कोठाभित्र २ असार बिहान सुस्मिता टाउकोमा चोट लागेको अवस्थामा मृत भेटिएकी थिइन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरले घटनाको ३० दिनपछि हत्यामा संलग्न भएको आरोपमा ससुरा प्रकाश थापा, सासू तुलसाकुमारी थापा, जेठी नन्द दुर्गा थापा कार्की र कान्छी नन्द सीता थापालाई सार्वजनिक गरेको थियो । जिल्ला सरकारी वकिलको कार्यालयले सुस्मिता हत्याको आरोपमा ससुरा, सासूसहित नन्दहरू र घटनाको योजनाकारको रूपमा ज्वाई अरुण कार्कीविरुद्ध जिल्ला अदालतमा अभियोगपत्र दायर गरेको थियो ।

अभियोगपत्रमा घटनाको मतियारका रूपमा सासू तुलसालाई १२ वर्ष जेल सजाय तथा जेठी नन्द दुर्गा र उनका श्रीमान् अरुण कार्कीलाई हत्याको षड्यन्त्र बनाएको दाबीसहित २५ वर्ष कैद माग गरिएको थियो । फरार रहेका कार्की पछि अदालतमा हाजिर भएका थिए । घरको भान्सा कोठामा ससुरा प्रकाश र नन्द सीताले सुस्मितामाथि काठको लौरो र मसला पिस्ने लोहोरोले हानेर बीभत्स हत्या गरेको मकवानपुर प्रहरीको दाबी थियो ।

जिल्ला अदालतमा वादी प्रतिवादी पक्षका कानुन व्यवसायीले ४ दिनसम्म बहस गरेका थिए । जिल्ला न्यायाधीश श्री प्रसाद सञ्जेलको इजलासले बिहीबार आरोपित पाँचै जनालाई कसुरदार ठहर गर्दै सजाय निर्धारणका लागि एक महिनाभित्रै पेस गर्ने फैसला गरेको हो ।

आरोपित सबै पुर्पक्षका लागि हाल कारागारमै रहेका छन् । पीडित पक्षका तर्फबाट जिल्ला न्यायाधिवक्ता मुकुन्दहरि पौडेल, सहन्यायाधिवक्ता राजेन्द्र पौडेल, अधिवक्ताहरू मदन दाहाल, बालकृष्ण अधिकारी, मनप्रसाद भट्टराई, अप्सरा बस्नेतलगायतले बहस गरेका थिए ।

सुस्मिताले हेटौँडाका रुपेन्द्र थापासँग विवाह गरेकी थिइन् । रुपेन्द्रको ससुरालीबाट हेटौडा फर्किँदै गर्दा नवलपारीको दाउन्नेमा विवाह गरेको ६ महिनापछि मोटरसाइकल दुर्घटनामा परेर मृत्यु भएको थियो । उनको मृत्युपछि सुस्मिताकै कारण आफ्नो छोरोले ज्यान गुमाएको भन्दै घर पक्षले मानसिक तनाव दिँदै आएका थिए । घटना मृतक थापाको बीमा दाबी गरेपछि प्राप्त पैसाको निहुँमा भएको प्रहरीको अनुसन्धानबाट खुलेको थियो ।

'बालबालिकामाथी अनलाइनबाट हुने हिंसा भयावह'

साझाकुरा संवाददाता

हेटौँडा, २१ पुस/बालबालिकामाथी अनलाइनबाट हुने हिंसाको अवस्था भयावह रहेको एक कार्यक्रममा सहभागीहरुले बताएका छन् ।

बिहिबार हेटौँडामा आयोजित एक कार्यक्रममा बोल्ने वक्ताहरुले बालबालिकालाई सामजिक संजालबाट हुने हिंसाबाट संरक्षण गर्नु प्रमुख चुनौति भएको बताएका हुन् । सिविन बाल हेल्प लाइन हेटौंडाले आयोजना गरेको ईन्टरनेट अनलाइनमा बाल संरक्षणबारे सरोकारवालासंग अन्तरक्रियामा सहभागीहरुले विभिन्न सामाजिक सन्जालको प्रयोगबाट बाल शोषण तथा दुर्व्यवहार हुने गरेकोले अभिभावकले समेत बिशेष ध्यान दिनुपर्नेमा जोड दिए ।

सिविन बाल हेल्प लाइनका व्यवस्थापक माधव लोहनीले अनलाइनबाट हुने बाल दुर्व्यवहार तथा शोषण जस्ता सवालबाट बालबालिकालाई जोगाउन स्थानीय तहले नागरिक समुदायलाई

स्थानीय वडाहरूबाट पहल गर्नुपर्ने उनले बताए ।

अनलाइन बाल सरक्षण सम्बन्धी संचेतना बढाउन संचेतनामुलक सामग्रीहरूबाट प्रचार गर्नु आवश्यक भएको व्यवस्थापक लोहनीले बताए । सम्बन्धित वडा मार्फत नगरपालिका भित्र रहेका सबै सामुदायिक एवं निजी आवासिय विद्यालयहरूले अनलाइन बाल संरक्षणको विषयमा आ-आफ्नो विद्यालयमा बालबालिकाहरूलाई अभिमुखीकरण गर्नका लागि निर्देश गर्ने, आफ्नो वेभसाइटमा अनलाइन बालसंरक्षणको विषयलाई प्राथमिकताका साथ राखेर अनलाइन संरक्षणको विषयलाई सबैको चासोको विषय बनाउन तर्फ लाग्नुपर्ने लोहनीले बताए ।

अनलाइनमा बाल संरक्षण बारे सरोकारवालासँग छलफलमा कार्यपत्र प्रस्तुत गर्दै उनले बाल दुर्व्यवहार र यौन शोषणलाई न्यूनीकरण गर्न अभिभावक सचेत हुनु पर्नेमा जोड दिए । अनलाइनबाट हुने बाल दुर्व्यवहार तथा शोषण जस्ता सवालबाट बालबालिकालाई जोगाउन सबैले पहल गर्नुपर्ने उनको भनाई छ ।

अनलाइन बाल संरक्षण सम्बन्धी सचेतना बढाउन सचेतना मुलक सामग्रीहरुबाट प्रचार गर्नु आवश्यक रहेको लोहनीले बताए । अनलाइन शोषणबारे उजुरी काठमाडौंमा मात्रै हुने भएकोले न्यायमा समस्या हुने गरेको अधिकारकर्मीहरुको भनाई छ । उजुरीको लागि पीडित पक्ष काठमाडौंसम्म नजाने कारण पनि कतिपय मुद्दाहरु बाहिर ल्याउन नसकेको अधिकारकर्मीहरुले बताएका छन् ।

कार्यक्रममा राडो नेपालका दिपेन्द्र पाठक, माईती नेपालकी माया लामा, हिमराईट्सकी कुमारी मोक्तानलगायतले बालबालिकाको क्षेत्रमा काम गर्दाको अनुभव सुनाएका थिए । सिविन नेपालका अध्यक्ष माधव प्रधानको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय, प्रदेश मानव अधिकार आयोग, हेटौंडा उपमहानगरपालिका, इन्सेक लगायतका प्रमुख तथा प्रतिनिधिको सहभागिता रहेको थियो ।

५० परिवारलाई न्यानो कपडा वितरण

साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/हेटौडा उपमहानगरपालिका/१४ का ५० परिवारलाई न्यानो कपडा वितरण गिरएको छ ।

चिसो बढेसँगै वडाका विपन्न घरपरिवार तथा एकल महिलाहरुलाई वार्म नेष्ट फाउन्डेसनको सहयोगमा एक एक थान ब्ल्याङ्केट वितरण गरिएको हो ।

बिहीबार १४ नम्बर वडाका विपन्न तथा एकल महिलाहरुलाई वडा अध्यक्ष दिपक खड्काको पहलमा न्यानो कपडा वितरण गरिएको थियो । न्यानो कपडा वितरण गर्दै वडा अध्यक्ष खड्काले सहयोग गर्ने संस्थालाई धन्यवाद दिए ।

हेटौँडामा 'सोनाम ल्होछार साँस्कृतिक महोत्सव' हुने

साझाकुरा संवाददाता

हेटौँडा/सोनाम ल्होछारको अवसरमा हेटौँडामा 'सोनाम ल्होछार साँस्कृतिक महोत्सव' हुने भएको छ ।

तामाङ समुदायको राष्ट्रिय पर्व २८५९ हयोई/तावार ल्हो (बिरालो वर्ष) सोनाम ल्होछारको अवसरमा हेटौँडामा 'सोनाम ल्होछार साँस्कृतिक महोत्सव' हुने भएको हो । नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति मकवानपुर र मकवानपुर तामाङ कलाकार संघको संयुक्त आयोजनामा आगामी माघ ७ र ८ गते दुई दिन हेटौंडा उपमहानगर पालिका १० स्थित टिसिएन चौरमा 'सोनाम ल्होछार साँस्कृतिक महोत्सव' हुन लागेको छ ।

कार्यक्रमलाई अझ बृहत बनाउन जिल्लाको तामाङ घेदुङको टिम सहित विभिन्न जातिय संघसंस्था संग मिलेर महोत्सबको रुपमा संयुक्त गर्ने संघका महासचिव रबिन्द्र थिङले बताए । दुई दिन सम्म चल्ने महोत्सवमा तामाङको मौलिक भेषभुषा सहित लामा, बोन्पो (झाक्री), ताम्बा, डम्फुरेको झाँक्री प्रदर्शन, भेषभूषा र मौलिक खानाका स्टलहरु रहने आयोजकले जनाएको छ ।

तामाङको मौलिक संस्कार, संस्कृति, भेषभुषा र भाषाको संरक्षण तथा प्रबर्द्धन गर्दै तामाङ घेदुङ संघीय समितिको (ग्रेन दिम) भवन खरिद सहयोगार्थ महोत्सवको तयारी गरिएको घेदुङ मकवानपुरको जिल्ला कार्यवहाक अध्यक्ष कालु घलान्ले बताए । त्यस्तै, कलाकार संघबाट भाग्यशाली उपहार कार्यक्रम राखेको छ । उपहार कार्यक्रम मार्फत उठेको रकम संघको भवन निर्माणमा शुरुवात गर्न खर्च गरिने अध्यक्ष धिरेन लामाले बताए ।

डलर देखाएर ठगी गर्ने ४ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौँडा, २१ पुस/मकवानपुर प्रहरीले डलर देखाएर ठगी गर्ने ४ जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

प्रहरीले बिहिबार पत्रकार सम्मेलन गर्दै डलर देखाएर ठगी गर्ने ४ जनालाई सार्वजनिक गरेको हो । उनीहरूलाई प्रहरीले बुधबार दिउँसो करिब ३ बजे नियन्त्रणमा लिएको जनाएको छ । मकवानपुरका प्रहरी प्रमुख बामदेव गौतमको अनुसार पक्राउ पर्नेमा सिन्धुपाल्चोक जिल्लाको बाह्रविसे- ३ का २१ वर्षीय सोमबहादुर डुम्जन, ३३ वर्षीय दिवश डुम्जन, बाह्रविसे-४ का २८ वर्षीय शेरबहादुर तामाङ र सिन्धुपाल्चोक जिल्लाकै त्रिपुरा गाउँपालिका-२८ वर्षीय देवा डुम्जन रहेका छन् । विशेष सूचनाको आधारमा अवैध अमेरिकी डलर देखाई ठगी गर्ने मानिसहरु भएको भन्ने खबर प्राप्त हुना साथ जिल्ला प्रहरी कार्यालयबाट विशेष टोली खटिएको थियो । ठगीमा संलग्न एक जना भने फरार रहेको गौतमले जानकारी दिए । प्रहरीले उनीहरुको साथबाट ३ वटा मोटरसाइकल, १ हजार ७ सय ४१ अमेरिकी डलर, ६ हजार २ सय १० नेपाली रुपैयाँ, कागजको नक्कली नोट ८ बन्डल, ५ थान मोबाइल र ३ थान गुलेली बरामद गरेको छ ।

मोटरसाइकल हराएको सूचना

मिति २०७९/०९/१० गते साँझ अं ६:३० बजे हेटौँडा-४ सितलमहलचोक निजिक प्रधान भवन अगाडि पार्किङ्ग गरी राखेको ठाउँबाट मेरो निम्न व्यहोरा भएको मोटरसाइकल हराएको हुँदा फेला पार्नु भएमा नजिकैको प्रहरी कार्यालय वा निम्न सम्पर्कमा सम्पर्क गरिदिनुहुनु अनुरोध गरिन्छु ।

सवारी धनीको नाम : सुरेन्द्र कुमार लामा
ठेगाना : हे.उ.म.न.पा. वडा नं. ४
सवारी मोडेल : बा.प्र.०३-००५ प ९६० नम्बरको २२० सिसिको कालो रातो रंगको पल्सर
च्यासिस नं. : MD2A13EXXMCE91087
ईन्जिन नं. : DKXCME12354
सम्पर्क नं. : ९८५५०७२७५१/९८११९६५८५१

बागमती प्रदेश सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

सूचना ! सूचना !! सूचना !!!

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, बागमती प्रदेश, हेटौंडा मकवानपुरको बा.प्र. ०३-००१ ब. ३०४ नम्बरको १५०CC को पल्सर मोटरसाइकल मन्त्रालयको कामको सिलसिलामा मिति २०७९/९/१३ गते हेटौंडा उ.म.न.पा., ४ हुप्चौरस्थित श्रीमान् सचिवज्यूको निवासबाट हराएको हुँदा उक्त नम्बरको मोटरसाइकल फेला पार्नु भएमा जिल्ला प्रहरी कार्यालय, मकवानपुर तथा यस भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय वा जिल्ला प्रहरी कार्यालय हेटौंडामा सूचना तथा जानकारी गराई दिनुहुन सम्पूर्ण सबैमा अनुरोध छ ।

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्



कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।

होम डेलिभरिको पनि व्यवस्था छ ।

प्रो. अमिता चौधरी
मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

दाहाल बन्धुहरूमा हार्दिक आमन्त्रण !

दाहाल प्रतिष्ठान बागमती प्रदेश समितिको दोश्रो प्रदेश अधिबेशन, मकवानपुर शाखा समितिको १० औं अधिबेशन एवं बृहत् बनभोज तथा पारिवारिक भेटघाट कार्यक्रम यहि पौष २३ गते हेटौंडामा हुने भएकाले बागमती प्रदेश भरिका दाहाल तथा बत्स गोत्रीय बन्धुबान्धवहरुमा अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

मिति : २०७९ पौष २३ गते, शनिबार
समय : बिहान ७ बजे
स्थान : हेटौंडा ६, रामनगर, बिन्धबासिनी मन्दिर परिसर
सम्पर्क:-९८५५०७००१४

रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क नं.: ९८४५२९०३९१, ९८५५०८५३९१

थप सुविधाका साथ हाम्रा सेवाहरू

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा विशिष्ट विशेषज्ञ डाक्टरहरुको समुहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

कार्यरत विशेषज्ञ डाक्टरहरु :
- हाड्जोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्नलाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गोविन्द भुसाल
- एनेस्थेसिया डा.सुवास वामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेराफिस्ट डा रबि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

हेटौडा मोडेल अस्पताल
हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

हार्दिक बधाई

होटल व्यवसायी महासंघ नेपालको २०७९ पुस १९ र २० गते चितवनमा सम्पन्न चौथो राष्ट्रिय महाधिवेशनबाट यस मकवानपुर होटल एसोसिएसनका निबर्तमान अध्यक्ष तथा होटल तथा पर्यटन व्यवसायी बाग्मती प्रदेश संघका सहकोषाध्यक्ष **श्री शकरलाल श्रेष्ठ**ज्यु सर्वसम्मत केन्द्रीय सदस्य पदमा तथा यस एसोसिएसनका कोषाध्यक्ष **श्री रबिन लामा**ज्यु केन्द्रीय लेखा समिति सदस्य पदमा सर्वसम्मत चयन हुनु भएकोमा हार्दिक बधाई एवम् कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

मकवानपुर होटल एसोसिएसन, परिवार
हेटौंडा, मकवानपुर

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

अब प्रत्येक दिन
विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा
तथा
२४ सै घण्टा
स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा

हेटौडा सिटी हस्पिटलमा
तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :
- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि
हेटौडा सिटी हस्पिटल प्रा.लि.
हेटौडा उपमहानगरपालिका-१
फोन न.:०५७-५२०३१५

समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना